जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २३ • अंक १६८ • २०७७ साल कार्तिक २३ गते आइतवार (8 November, Sunday, 2020) • पृष्ठ ८ • मूल्य रु. ५।-

## नदीमा उत्खनन् बढ्दै

**टुडे समाचारदाता**

महोत्तरी। दीपावली पर्वको मुखमा महोत्तरी जिल्लाका नदीमा उत्खनन् ह्वात्तै बढेको छ।सामान्यतया जिल्लाको उत्तरी क्षेत्रका बर्दिबास, भङ्गाहा र गौशाला नगरपालिकामा मनपरी हुँदै आएको नदी उत्खनन् पछिल्लो समयमा जिल्लाको सुदूर दक्षिणी भेगमा पनि ह्वात्तै बढेको हो।

दीपावली पर्वको मुखमा नदी किनारमा निर्मित तटबन्ध नै भत्कने गरि उत्खनन् बढेको छ।

शनिवार शनिबार नै सुदूर दक्षिणीक्षेत्र अवस्थित जिल्ला सदरमुकाम जलेश्वर नगरपालिका-७ को रातु नदी तटमा उत्खनन् र ढुवानी गरिरहेका पाँच यान्त्रिक उपकरण (जेसिभी, ट्र्याक्टर) सशस्त्र प्रहरी बल ९ नम्वर हेडक्वाटर जलसागर (महोत्तरी) को गस्ती टोलीले नियन्त्रणमा लिएको छ।

नदी किनार र तटबन्धक्षेत्रमा जथाभावी उत्खनन् गरेको पाइएपछि पाँच उपकरण नियन्त्रणमा लिएको ९ नम्वर गणका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक सुरेश सापकोटाले जानकारी दिनुभयो। उहाँका अनुसार नियन्त्रणमा लिएका उपकरण आवश्यक कानूनी कारवाहीका लागि जिल्ला समन्वय समितिको कार्यालय महोत्तरीमा बुझाएको छ। वालुवा, ढुङ्गा निकाल्न जिल्लाको उत्तरीक्षेत्रमा र माटो निकाल्न दक्षिणी क्षेत्रमा उत्खनन् हुने गरेको पाइएको छ।

खासमा पछिल्लो पटक माटोको कारोवार गर्नेहरूले दीपावली र छठ पर्वको मुखमा नदी क्षेत्रमा उत्खनन् बढाएका छन्। अहिले जिल्लाका सबैजसो नदीक्षेत्रमा प्रत्येक दिनजसो माटो खन्ने र ढुवानी गर्नेको जगजगी बढेको सर्वसाधारणको टिप्पणी छ।

जिल्लाको उत्तरी क्षेत्रका बर्दिबास, भङ्गाहा र गौशाला नगर क्षेत्रका नदीमा भने सदाकाल नै जस्तो क्रसर उद्योगीले अवैध नदी उत्खनन् गर्दै आएका छन्।

## ८१ प्रतिशत कोरोनामुक्त

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा कोरोनामुक्त हुनेको दर ८१ प्रतिशत पुगेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार हालसम्म एक लाख ५५ हजार १ सय १४ कोरोनामुक्त भएका छन्। पछिल्लो २४ घन्टामा दुई हजार २ सय ६ जना कोरोनामुक्त भएका छन्।

वितेको २४ घन्टामा १० हजार ४ सय २३ नमूना परीक्षणमा एक हजार ६ सय ७६ पुरुष र एक हजार ७७ महिला गरी दुई हजार ७ सय ५३ सङ्क्रमित थपिएका छन् । यससँगै नेपालमा कोरोना सङ्क्रमितको संख्या एक लाख ९१ हजार ६ सय ३६ पुगेको छ । पछिल्लो २४ घन्टामा प्रदेश १ मा ४ सय ९४, प्रदेश २ सय ७७, बागमती एक हजार ६ सय ९९, गण्डकीमा १ सय ३७, लुम्बिनीमा २ सय १८, कर्णालीमा २५ र सुदूरपश्चिममा १ सय ३ सङ्क्रमित थपिएका छन्।

३५ हजार ४ सय ३५ सक्रिय सङ्क्रमित छन् । ती मध्ये ३ सय ६५ को आइसियू र ७६ जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ । पछिल्लो २४ घन्टामा १७ जनाको कोरोनाका कारण ज्यान गएको छ । कोरोना सङ्क्रमणबाट ज्यान गुमाउनेको संख्या एक हजार ८७ पुगेको छ।

# सरकारको विकल्प खोज्दै जसपा

**टुडे समाचारदाता**

जनकपुरधाम। आन्तरिक विवाद उत्कर्षमा रहेको वर्तमान नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सरकारको विकल्प जनता समाजवादी पार्टी नेपालले खोज्न थालेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले स्थायी कमिटीको बैठक नबोलाई आफु खुशी गर्न थालेपछि नेकपामा विवाद चुलिएको छ । पार्टीका अर्का अध्यक्ष पुष्पकमल दहाल प्रचण्डलाई हप्काएपछि माधवकुमार नेपाल, झलनाथ खनाल, नारायणकाजी श्रेष्ठ र बामदेव गौतम ओलीलाई फकाउनमा लागेका छन् । तर, त्यसको परिणाम भने कहि नआउने प्रचण्डले उनीहरुलाई भनि सकेका छन् । प्रधानमन्त्री ओली र प्रचण्ड विच विहीवार भएको वैठकमा ओलीले प्रचण्डलाई पार्टी विभाजन भई सकेको र औपचारिक रुपमा घोषणा मात्र गरिनुपर्ने बाँकी रहेको भनेपछि ती नेताहरुले ओलीलाई फकाउनमा लागेका छन्।

नेकपाकै शीर्षस्थ नेताहरुले प्रधानमन्त्री ओलीलाई पदबाट राजीनामा दिन दवाव दिइरहेका छन् । तर, प्रधानमन्त्री ओलीले आफूले कुनै पनि हालतमा राजीनामा नदिने भनिरहेको बेला जसपा नेपालले पनि लगातार सरकारको विकल्प खोज्ने विषयमा जोड दिएका रहेको छ।

सो पार्टीका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले आफ्नो समाजिक सञ्जाल तथा विभिन्न औपचारिक मञ्चहरुबाट ओली नेतृत्व सरकारको विकल्प खोजौं भनि आह्वान गर्दै आएका छन्।

ओली नेतृत्वको सरकार संकटमा रहेको बेला ओली तथा नेकपाका कार्यकारी अध्यक्ष प्रचण्ड पक्षले काँग्रेस तथा जसपा नेपालका नेताहरुसँग आन्तरिक रुपमा छुट्टाछुट्टै छलफल गरिरहेका छन्। यदि नेकपा फुट्यो भने बहुमतको सरकार बनाउनका लागि काँग्रेस वा जसपा नेपालबाट सहयोग लिनुपर्ने हुन्छ।

त्यसको तयारीका लागि नेकपाका नेताहरुले यी दुवै दलका शीर्ष नेताहरुसँग छलफल गरिरहेको स्रोतले जनाएको छ। यस अवस्थामा जसपाले सरकारको विकल्पबारे जोडतोडले कुरा उठाउन थालेको छ । जसपाका अध्यक्ष उपेन्द्र यादवले शनिवारनै आफ्नो फेसबुकमार्फत ओली नेतृत्व सरकारको विकल्प खोज्नुपर्ने बताएका छन्।

कोरोना महामारी फैलिएको अवस्थामा सरकारले आफ्नो जिममेवारीपूर्वक कार्य गर्न नसकेको आरोप लगाउँदै यादवले यस्तो संकटको घडीमा सरकारले आफ्नो हात झिक्नु र पीसीआरसम्मको परीक्षण पनि निःशुल्क गराउन नसक्नु गैरजिम्मेवार काम रहेको टिप्पणी गरेका छन्।

यादवले आफ्नो जीवन रक्षा आफैं गर, सरकारले सक्दैन भन्नु जस्ता गैरजिम्मेवार अभिव्यक्ति दिनु, के नेपालमा जनताका लागि यो सरकार हैन र ? केपी ओली सरकारको के काम भनि प्रश्न गरेका छन्।

आफू असफल र असक्षम सिध्द भइसकेपछि पनि किन सरकारमा बसिरहनु भनि प्रश्न गर्दै अध्यक्ष यादवले अब जनता नै सचेत हुन जरुरी छ र त्यसको विकल्प खोज्ने बेला आएको बताएका छन्।

**ओलीलाई प्रक्रिया मिलाएर प्रधानमन्त्रीबाट हटाउने योजना**

प्रधानमन्त्री केपी शर्मा ओलीलाई पदबाट हटाउने प्रयास पेचिलो बन्दै गएको छ । उनको सिधै राजीनामा नमागिएपनि पार्टीभित्रको विरोधी समूहले प्रक्रियागत रुपमा हटाउने गृहकार्य थालेको छ।

ओलीलाई हटाउने योजना अनुरुप नेकपा सचिवालय बैठक डाक्न जोडबल गरिएको छ । यसको उद्देश्य आफूलाई हटाउने भएको बुझेर ओलीले बैठक डाक्न मानेका छैनन् । त्यसैले उनलाई लिखित रुपमा सचिवालयका बहुमत सदस्यले बैठक डाक्न लिखित पत्र दिएका छन् । यसले ओलीमाथि दबाब बढेको छ।

प्रचण्डसहित पाँचजना सचिवालय सदस्यहरुले दुई दिनभित्र ओलीले बैठक नडाके कडा निर्णय लिने तयारी गरेका छन् । स्रोतका अनुसार ओलीले बैठक नडाके सचिवालयको बहुमत सदस्य बसेर उनको बारेमा निर्णय लिइनेछ। सचिवालय हुँदै स्थायी कमिटी र आवश्यक परेमा केन्द्रीय कमिटीको बैठक बोलाएर कारबाही सम्मको निर्णय हुनसक्नेछ।

ओलीलाई प्रधानमन्त्री पदबाट हटाउने सम्मको योजना बनेको छ। त्यसका लागि संसदीय दलमा अंकगणितको खेल शुरु भइसकेको छ । ओली पक्षले संसदीय दलमा बहुमतको दाबी गरेको छ । तर, उनीविरोधी पक्षले आफ्नो पक्षमा बहुमत रहेको दाबी गरिरहेको छ । संसदको अधिवेशन सरकारको सिफारिशमा राष्ट्रपति विद्यादेवी भण्डारीले पत्र लेखेपछि डाकिने संवैधानिक व्यवस्था छ । हिउँदे अधिवेशनमा अलमल हुने देखिएको छ । त्यस्तो अवस्थामा विशेष अधिवेशन डाक्ने सम्मको प्रयास भएको छ।







# सांसद झा ले विवादस्पद रुपमा मांगे माफी

टुडे समाचारदाता

रौतहट । जिल्लाको निर्वाचन क्षेत्र नबर १ बाट प्रत्यक्ष निर्वाचित प्रतिनिधि सभा सदस्य अनिल कुमार झा ले विवादस्पद माफी मागेका छन ।



जिल्लाको यमुनामाई गाउँपालिका वड़ा नम्बर ३ मा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा सम्वोधन गर्दै सांसद झा ले नगरपालिका तथा गाउँपालिकाका मेयर तथा अध्यक्ष र श्रम गर्न विदेश गएका महिलाहरुको लक्षित गर्दै दिएको विबादित व्यान पछि भएको चर्को आलोचना विरोध प्रदर्शन बाद झा ले विवादस्पद माफी मागेका हुन ।

एक संचार माध्यम सित अन्तर्वार्ता दिदै सांसद झा ले मैले गाउँपालिका स्तरीय अभिव्यक्ति दिए पनि केहि साथीले डेढ़ मिनटको भिडियो सार्वजानिक गरेको तथा मेरो भनाइबाट केहि साथीलाइ दुःख लागेको छ भनी क्षमाप्रार्थी छू भनेका हुन । सांसद झा ले सामाजिक संजाल फेसबुक मा आफ्नो आईडीबाट उक्त मेडियाको लिंगक शेयर गर्दै स्टेटसमा यसरी लेख्दै कुनै पनि हालतमा मेरो आशय महिलालाई अपमान गर्ने थिएन ।

केही साथीहरुले मेरो एक-डेढ मिनेटको जुन भिडियो क्लिप भाइरल गरेका हुन, त्यसको पूरा भिडियो हेर्नुभयो भने मैले रौटहटको ठेट भाषामा उदाहरणको रुपमा केही भनाइ राखेको थिएँ । १० जनाले मात्रै प्रश्न उठाए पनि म उहाँप्रति क्षमा प्रार्थी छु माफी मागेको हो ।

सांसद झा ले प्रस्ट रुपमा भनेका छन कार्यक्रम गाउँपालिका स्तरीय रहेको थियो भने मेरो अभिव्यक्ति गाउँपालिकाका अध्यक्ष प्रति लक्षित रहेकोमा बंगयाएर तोड़मोड़ गारी भ्रम फैलाउने कार्य गरिएको छ ।

कार्यक्रममा सम्वोधन गरेका सांसद झा को १४ मिनट २९ सेकेण्डको भिडियो भएपनि मेयर र महिला प्रति सामूहिक रुपमा गरिएको अभद्र टिपण्णीको वक्तव्य सामाजिक संजालमा भाइरल भएको थियो । झा ले १ हप्ता पछि अन्तर्वार्ताको माध्यमबाट घुमारो तथा घमंड पूर्वक क्षमायाचना गरेको छ ।

एक तर्फ क्षमायाचना गर्ने सांसद झा ले अर्को तर्फ नबोलेको कुरा राखेर दलित समुदाय मल्लाह जातीबाट नेतृत्व गर्ने गाउँपालिका अध्यक्ष श्री प्रसाद मुखियालाइ होच्च्याउने कार्य गरेको छ । उहाले अन्तर्वार्तामा भनेको छ केहि दिन अगाडी गाउँपालिका अध्यक्ष मुखियाले संघीय सांसद को विषयमा चर्को आलोचना गरेको थियो त्यसैको बदला लिने मान्सायले गाउँपालिका स्तरीय अभिव्यक्ति दिएको छू ।

जनता समाजवादी पार्टीका निर्वाचन विभाग प्रमुख समेत रहेका झा ले प्रस्ट रुपमा नगर पालिका र गाउँपालिकाको खातामा संघीय सांसद हरुले विकास निर्माणको कार्य देखि राहत वितरण गर्नका लागि समान खरीद गर्न बजेट पठाउदा पनि मेयरहरुले भन्छ " सांसद ने क्या दिया आरे सांसद ने क्या नहीं दिया तो बजेट तू अपने बाप कहा से लाया " सांसद के अवस्था विदेश कमाउने जस्ताको जस्तो भएको भन्दै " जिस तरह विदेश कमानेवाला पैसा कमाकर घर पे भेजता है और उसका सिनेमा देखते देखते केकरो लेकर भाग भी जाती है भनेको भए पनि अहिले सांसद झा ले त्यस्तो नभएको दावी गरिरहेका हुन ।

पूर्व मंत्री झाको महिला प्रतीकों अपमानजनक शव्द प्रयोग गरेको भन्दै जिल्लाका विभिन्न महिला सग संगठनहरु सांसद पदबाट राजीनामा दिनु पर्ने मांग राख्दै आन्दोलन शुरू गरी सकेका हुन ।

झा को घुमारो पाराको क्षमायाचनाले महिलाको आन्दोलन नरोकिने महिला अधिकार कर्मीहरुले प्रतिक्रिया दिएका छन । उनीहरुले सार्वजानिक रुपमा माफी माग्नु पर्ने धरना सहितको अड़ान कायमै राखेका हुन ।

# जीतपुरमा बजार अनुगमन , १ लाख ५२ हजार जरिवाना

रञ्जन यादब

बारा । बाणिज्य ,आपुर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालय बिरगंजले बाराको जीतपुरमा बजार अनुगमन गरेको छ ।कार्यालय प्रमुख जित बहादुर भण्डारीको नेतृत्वमा ईलका प्रहरी कार्यालय जीतपुर र जीतपुरसिमरा नगर उद्योग बाणिज्य संघले संयुक्त रुपमा बजार अनुगमन गरेको थियो ।

बजार अनुगमनको क्रममा १३ वटा पसलहरुलाई कार्बाही गरी १ लाख ५२ हजार जरिवाना गरेको छ ।

अनुगमनको क्रममा बिलबिजक चुस्तदुरुस्त नराख्ने ,उपभोक्ता ठग्ने ,म्याद गुर्जेको सामग्रीहरु राख्ने ,फर्म दर्ता प्रमाणपत्र र मुल्य सुचि नराख्ने पसलहरुलाई पाँच हजार रुपैया देखि २० हजार रुपैया सम्म जरिवाना गरिएको उपभोक्ता हित संरक्षण कार्यालयको सुचना अधिकारी दिलिप खंग खत्वेले जानकारी दिनुभयो । अनुगमन



टोलिले बिनोद किराना पसललाई २० हजार रुपैया जरिवाना ,जोया किराना एण्ड जेनरल स्टोरलाई २० हजार रुपैया ,जयमाता दी किराना एण्ड जेनरल स्टोरलाई २० हजार ,सोना सप्लायर्सलाई २० हजार ,न्यु प्रियाँसु ईन्टरप्राईजेजलाई ५ हजार ,फैसन बर्ल्ड जीतपुरलाई ७ हजार ,सावना फेन्सी स्टोरलाई रु ५ हजार ,माँ बस्त्रालयलाई २० हजार ,चन्दन बस्त्रालयलाई १० हजार ,नरेश बस्त्रालयलाई १५ हजार ,सिमरन बस्त्रालयलाई १५ हजार र साजन बस्त्रालयलाई ५ हजार रुपैया जरिवाना गरेको छ ।उहाँले बारम्बार ब्यपार ,ब्यवसाी तथा उद्योग बाणिज्य संघका प्रतिनिधिहरुलाई ब्यवसाय स्थलमा राख्नुपर्ने कागजपत्रको बिषयमा जानकारी गराउँदा पनि त्यसको परि पालनातर्फ अग्रसर नहुने गरेको बताउँनुभयो ।

अनुगमन टोलिमा बाणिज्य ,आपुर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालय बिरगंज कार्यालय प्रमुख जित बहादुर भण्डारी ,जीतपुरसिमरा नगर उद्योग बाणिज्य संघका अध्यक्ष संजय कुमार साह ,रेडिमेड ब्यवसायी संघका अध्यक्ष प्रकाश गिरी ,ईलाका प्रहरी कार्यालय जीतपुरका प्रमुख प्रहरी नायब निरिक्षक जय बहादुर चन्द लगायतको सहभागिता रहेको थियो ।

# छोराद्वारा बुवा माथी हथौड़ा प्रहार

टुडे समाचारदाता

सर्लाही । सर्लाहीमा आफ्नै छोराको हथौड़ा प्रहारबाट एकजना वृद्ध गम्भीर घाइते भएका छन् । जिल्लाको ईश्वरपुर नगरपालिका वडा नं. १२ घारीबथानमा शुक्रवार राति ७५ वर्षिय टेकबहादुर अछामी आफ्नै घरमा सुतिरहेको अवस्थामा मादक पदार्थ सेवन गेरर आएका ३५ वर्षिय छोरा कुमार अछामीले प्रहार गरेको हथौड़ाबाट गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी मदन कुवँरले जनाएको छ ।हथौड़ाको प्रहारबाट गम्भीर घाइते अछामीको धनुषा जिल्ला स्थित लालगढ मोडेल अस्पतालमा उपचार भइरहेको छ ।

घटनास्थलमा पुगेका प्रहरीले घाइते अछामीका छोरालाई नियन्त्रणमा लिएर थप अनुसंधानको लागि ईलाका प्रहरी कार्यालय केशरगञ्जको हिरासतमा ल्याएर राखेको डिएसपी कुवँरले जानकारी दिएको छ ।

# आइसिटी केन्द्रको उद्घाटन




ताप्लेजुङ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईले ताप्लेजुङको फक्ताङ्लुङ गाउँपालिका-३ स्थित सिँवा माध्यमिक विद्यालयमा स्थापित आइसिटी केन्द्रको शनिवार बिहान उद्घाटन गर्नुभएको छ । मन्त्री भट्टराईकै पहलमा करिब रु एक करोड बराबरका प्रविधिमैत्री शैक्षिक सामग्री विद्यालयले प्राप्त गरेको थियो ।

चौबिस वटा कम्प्युटर, प्रिन्टर, इन्टरनेटलगायतको व्यवस्थापनसँगै उक्त विद्यालयमा सूचना प्रविधि कक्षको स्थापना गरिएको विद्यालयले जनाएको छ ।

मन्त्री भट्टराईसमक्ष एउटा छात्रावास, विज्ञान प्रयोगशाला भवन र विद्यालय संरक्षणका लागि घेराबारालगायतका लागि पहल गरिदिन विद्यालयले अनुरोधसमेत गरेको छ ।रासस

# कैदीबन्दी व्यवस्थापनमा समस्या

पाँचथर । संरचना नहुँदा जिल्ला कारागारमा ल्याइने नयाँ कैदीबन्दीको व्यवस्थापनमा समस्या भएको छ । कोभिड-१९ सङ्क्रमण परीक्षण नगरी नयाँ कैदीबन्दीलाई अन्यसँग राख्न नमिल्ने भएपछि अलग्गै राखिने गरेको छ । नयाँ कैदीबन्दीलाई छुट्टै राख्न आवश्यक पर्ने संरचना पर्याप्त नहुँदा कारागार प्रशासनलाई समस्या परेको हो ।

कारागारभित्र सङ्क्रमण फैलनसक्ने खतरालाई दृष्टिगत गर्दै कारागार चलान भएका सबै नयाँ कैदीबन्दीलाई कम्तिमा दुई साता अन्य कैदीबन्दीभन्दा अलग्गै राखिने गरेको छ । नयाँ कैदीबन्दीका लागि आवास, खाना, सरसफाइलगायत दैनिक क्रियाकलापका लागि अलग्गै व्यवस्थापनमा आर्थिक र भौतिक संरचना अभाव रहेको जिल्ला कारागार कार्यालयका प्रमुख (जेलर) सुरेन्द्रबहादुर मुखियाको भनाइ छ ।

नयाँ आउने कैदीबन्दीलाई क्वोरेन्टिनका रुपमा कारागार प्रशासनसँगै कोठा व्यवस्थापन गरी राख्ने गरिएको छ । संरचना अभाव भएपछि कारागार प्रशासनले प्रशासनिक कक्ष, भण्डार, सुरक्षाकर्मी बस्ने कोठालगायतलाई क्वोरेन्टिनका रुपमा प्रयोग गर्ने तथा कर्मचारी तथा सुरक्षाकर्मीले प्रयोग गर्ने सामग्रीहरुको आलोपालो प्रयोग भइरहेको जेलर मुखियाले वताउनुभयो ।

हालसम्म विभिन्न मुद्धामा कारागार चलान भएका तीन जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भइसकेको छ । कारागार प्रशासनको सतर्कताका कारण उनीहरु सबै अन्य कैदीबन्दीको सम्पर्कमा पुगेका भने थिएनन् । हप्तामा एक/दुई जना कैदीबन्दी भित्र, बाहिर भइरहने हुँदा ब्यवस्थापनमा चुनौति थपिएको हो ।स्वास्थ्य परीक्षणमा समस्या यहाँ कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षण गर्ने एक स्वास्थ्यकर्मीको दरबन्दी गत वर्षदेखि रिक्त छ । रासस

# तिन जिल्ला जोड्ने पिपलटार झोलुंगे पुल सन्चालनमा



टुडे समाचारदाता

कलैया । बारा,रौतहट र मकवानपुर जिल्ला जोड्ने निजगढ नगरपालिका वडा नम्बर तिनको पिपलटार झोलुंगे पुल सन्चालनमा आएकोछ । पुलको निजगढका मेयर सुरेश कुमार खनालले उद्घाटन गरेका छन । आदर्श जनसेवा युवा क्लव बिरगन्जको समन्वयमा ट्रायल ब्रीज सपोर्ट युनिट हेल्भेटास र निजगढ नगरपालिकाको लगानिमा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भएको पिपलटार झोलुङ्गे पुल निर्माण समितिका अध्यक्ष मानबहादुर योन्जनले बताए । एक सय उनान्तिस मिटर लम्बाई र चार फिट चौडाई रहेको पिपलटार झोलुङ्गे पुल एक करोड आठ लाख रुपैयँ लागतमा निर्माण सम्पन्न भएको अध्यक्ष योन्जनले जानकारी दिए ।

मेयर खनालले वडा नन्बर तिनको बगर खोला र वडा नम्बर दशको लाल खोलामा झोलुङ्गे पुल निर्माण कार्य भईरहेको भने । नागरिकको आवतजावतमा सहजतासङ्गै तराई क्षेत्रमा झोलुङ्गे पुलले पर्यटकिय गतिविधि वृद्धि गर्नकोलागी पनि सहयोग पुग्ने मेयर खनालले धारणा व्यक्त गरे ।

वडा नम्बर चारको गणेशमान पार्क मोहोरिमा रहेको झोलुङ्गे पुल र पिपलटार झोलुङ्गे पुलले निजगढको पर्यटकिय गतिविधिलाई बढोत्तरी गरेको खनालले जनाए । यस्तै निजगढकि उपमेयर लिलादेवी लामिछाने खनालले पुल निर्माण सम्पन्न भएसङ्गै मकवानपुर र रौतहटका चुरे क्षेत्रका नागरिकहरुको निजगढमा आवागमन बढ्ने भएकाले नगरको आर्थिक क्षेत्रमा टेवा पुर्याउने धारणा राखिन ।

# नेपाल वैंक सिटिअफिस र राराब क्याम्पस विच सेवा ग्राही कर्जा सम्झौता

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल बैंक लिमिटेड सिटिअफिस र राराब क्याम्पस विच सेवा ग्राही कर्जामा सम्झौता भएको छ । शनिवार एक कार्यक्रमका विच सो सम्झौता भएको हो ।



सो सम्झौता अनुसार राराब क्याम्पसका स्थायी कर्मचारी तथा प्रध्यापकहरु छठ पछि १० लाख सम्म विना कुनै धितो ऋण लिन सक्ने छ । नेपाल बैंक लिमिटेड सिटि अफिसका शाखा प्रवन्धक श्रपेश श्रीवास्तवले दिएका जानकारी अनुसार बैंकको तर्फवाट शाखा प्रवन्धक श्रीवास्तव र सहायक शाखा प्रवन्धक धर्मेन्द्र कर्ण र क्याम्पसका तर्फवाट प्रदीपकुमार प्रसाद र लेखा प्रमुखले हस्ताक्षर गरेका छन् ।यो सेवा ग्राही कर्जा लिनकालागि कर्मचारीहरुले कम्तिमा तीन बर्ष सेवा गरेको हुनु पर्ने र ५ बर्ष सेवा अवधि बाँकी रहेको हुनु पर्छ ।

यस बैंकवाट सो सेवा लिनकालागि कुनै पनि संघ संस्थाले त्यस बैंकमा आफ्नो कारोवार गरेको हुनु पर्छ र त्यस संघ संस्थाका स्थायी कर्मचारीहरुलाई त्यो सेवा दिइने शाखा प्रवन्धक श्रीबास्तवले जानकारी दिए । उनले भने- ‘सेवा ग्राही कर्जा लिनकालागि कर्मचारीहरुको बर्गिकरण अनुसार मासिक तलवको आधा बमोजिम ऋण प्रवाह गरिनेछ ।

# तरुणदलको गठन नगर्न दलका अध्यक्ष सिहको उर्दी

सिकेन्द्र पासवान

कलैया । नेपाल तरुण बाराले जिल्लामा अहिले तरुणदलको गठन नगर्न सबैलाई सचेत गरेका छन् ।

शनिवार एक बिज्ञप्ती निकाली दलका अध्यक्ष लुकेश सिहले नेपाल तरुण दलको चौथो अधिवेशनबाट गठन भएका समितिहरु नै अहिले पनि कायम नै रहेको अवगत गराउदै नेपाल तरुण दलको नाममा केही व्यक्तिहरुले यूवा जमातलाई भ्रमित गरि आफ्नो निहित स्वार्थ पुरा गर्ने र संस्थालाई बदनाम गराउने उदेश्यले गाँउगाँउ गठन गरिरहेको हुदा त्यसतो नगर्न आग्रह समेत गरेका छन् । समाजिक संजाल मार्फत तरुण दलको गठनको जानकारी हुन आएकोले त्यस किसिमको क्रियाकलाप अवैधानिक र करवाही योग्य हुने भएकोले अवैधानिक गठनमा संलग्न नहुन सम्पूर्ण यूवा, तरुणहरुलाई विज्ञपती मार्फत आग्रह गरिएको छ ।

# सिराहा प्रहरीलाई साइकल सहयोग



टुडे समाचारदाता

जनकपुरधाम । गस्तीमा सहयोग पुऱ्याउने उद्देश्यले सिराहा प्रहरीलाई साइकल प्रदान गरिएको छ । सिराहा नगरपालिकाले जिल्ला प्रहरी कार्यालयलाई शुक्रबार ११ थान साइकल प्रदान गरेको छ ।समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत नगरपालिकाका मेयर अशेश्वर प्रसाद यादवले साइकल हस्तान्तरण गरे ।

साइकल हस्तान्तरण कार्यक्रममा प्रमुख जिल्ला अधिकारी प्रदिपराज कँडेल, जिल्ला प्रहरी प्रमुख एसपी उमाशंकर पञ्जियारसहितको उपस्थिति थियो ।

# चितवन बारमा अधिकारी


चितवन । चितवन जिल्ला अदालत बार एशोसिएसनको अध्यक्षमा रामकृष्ण अधिकारी निर्वाचित हुनुभएको छ । शुक्रबार राति सम्पन्न मतगणनाको परिणाम अनुसार प्रगतिशील तथा पेशागत कानून व्यवसायी सङ्गठन (पिएलए) का उमेदवार अधिकारी अध्यक्षमा निर्वाचित हुनुभएको हो ।रासस

## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : धन बृद्धि सञ्चय । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| बृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पौराणिकता जोगाउन अभिलेख उपलब्धको खाँचो

जनकपुरधाम । धार्मिक एवं पुरातात्विक सम्पदा कपिलेश्वर मन्दिरको संरक्षण र अभिलेख उपलब्धको खाँचो औँल्याइएको छ । कपिलेश्वर मन्दिर युवा समितिद्वारा शनिवार यहाँ आयोजित पत्रकार सम्मेलनमा सो खाँचो औँल्याउँदै पुरातत्व विभागले अभिलेखलाई अलपत्र पारेकाले अन्योलको अवस्था रहेको जानकारी दिइयो ।

पुरातत्व विभागबाट बेलाबेलामा आएको अध्ययन, अनुसन्धान टोली यहाँको विभिन्न मूर्ति र अभिलेख लागेर मन्दिरको इतिहास नै अन्योलमा पारेको बताइन्छ ।

जनकपुरधाम उपमहानगरपालिका-१६ मा रहेको गुम्बा आकारजस्तो देखिने सो मन्दिर शिखर शैलीको छ। धार्मिक ग्रन्थहरूमा उल्लेख भएअनुसार जनकवंशीय राजा शीरध्वजले जनकपुरधामको चारै दिशामा चारनाथको स्थापना गरेकामध्ये पूर्वउत्तरमा कपिलेश्वरनाथ पनि एक हुन् । भनिन्छ, कपिल मुनिको आश्रम पनि यही थियो । कालान्तरमा आएर यस मन्दिरको प्राचीन रूप ध्वस्त तथा लोप हुन गयो । केही पुरातत्वविद्को अध्ययनअनुसार यस प्रसिद्ध शिवालयको प्राचीन रूप सिमरौनढीय वास्तु शैलीमा निर्मित थियो ।

विसं १९९० को महाभूकम्पमा मन्दिर ध्वस्त हुँदा यहाँका अधिकांश मूर्ति रामन्दिरमा लगिएको बताइन्छ । स्थानीयवासीका अनुसार यहाँ रहेको जोगिन्दर माताका मूर्ति पनि राममन्दिर लगेर स्थापना गरिएको छ । सो मन्दिरको चारैकुनामा सानो शिखर शैलीको मन्दिर बनाई भगवान्‌हरू स्थापना गरिएका छन् । मुख्य शिवलिङ्ग भएको ठाउँबाट उत्तर-पूर्व र दक्षिणका दिवालमा तखता बनाई शिव, बसाहा आदि स्थापित गरिएका छन् ।

जलाद नदी पनि पहिले यही मन्दिरको उत्तर-पूर्व भएर बग्दथ्यो भन्ने विशवास छ। समाजसेवी श्याम पूर्वेका अनुसार ५६ कुलदेवता र ३६ वर्णको बसोबास रहेको कपिलेश्वरमा पाइलापाइलामा देवताको बास छ, मन्दिरको अर्बौं सम्पत्ति भए पनि अभिलेख अभावका कारण अलपत्र रहेको छ।

सम्मेलनमा वडाध्यक्ष रामअशीषले पजियार वर्तमान मन्दिर निर्माण बखत शिवलिङ्गमा नागमा बस्ने गरेको, नागलाई समाति नजिकैको फूलबारीमा पुऱ्याउँदा पुनः शिवलिङ्गमा नै आएर बस्ने गरेको जनश्रुति रहेको बताउनुभयो। पूर्व वडाध्यक्ष विक्रम पजियारले मन्दिरमा कमरिया बाबाले भगवान् शिवको शिवलिङ्ग स्थापना गराएका हुन् । वर्तमान मन्दिरको निर्माण स्थानीयवासी तथा यज्ञप्रसाद अधिकारीको सक्रियतामा पुरातत्व विभागबाट रु दुई/अढाई लाख रकम ल्याएर गरिएको हो ।

युवा समितिका अध्यक्ष तुलसी पंजियारले मन्दिरको अभिलेख अलपत्र रहेका कारण संरक्षण र विकासमा समस्या व्यहोर्नु परिरहेको बताउनुभयो । गुठी संस्थान अधिनस्थ रहेको सो मन्दिरमा साउन महिना, शिवरात्रि र सङ्क्रान्तिमा श्रद्धालुको भीड लाग्ने गरेको छ ।रासस

# चाडपर्वमय बन्दै मिथिला

महोत्तरी । दीपावली र छठ पर्व नजिकिएसँगै महोत्तरीसहित मिथिला क्षेत्र उमङ्गित छ । कृष्णपक्षमा मनाइने उज्यालोको पर्व दीपावलीको तयारीमा प्रदेश नं २ मा पर्ने सम्पूर्ण मिथिला क्षेत्र अहिले पर्वमय बनेको हो ।

दीपावली पर्वको पक्ष (कात्तिक कृष्णपक्ष) शुरु भएसँगै मिथिला क्षेत्रका सबैजसो घर रङ्गरोगन गरेर चम्क्याइँदा छन्। के धनी, के गरिब सबै आफ्नो सावगासअनुसार रमाइलो पर्व दीपावलीको तयारीमा जुटेका देखिदो छ । मिथिलामा कात्तिक कृष्णपक्षको त्रयोदशीदेखि दीपावली पर्व शुरु हुन्छ । धनधान्यकी देवी लक्ष्मीको पूजा आराधना गरिने यस पर्वको पहिलो दिन ‘धनतेरस’ मनाउने मैथिल परम्परा छ। यस दिन धातुका नयाँ सामान जोडेर सन्ध्याकालमा लक्ष्मीको आराधना गरिन्छ। कात्तिक कृष्ण त्रयोदशीका दिनदेखि कात्तिक शुक्ल द्वितीयासम्म पाँच दिन मनाइने यो पर्वलाई ‘यमपञ्चक’ पनि भनिन्छ। यमपञ्चकका पाँच दिनमध्ये धनतेरस, लक्ष्मीपूजा, गाईपूजा र भैयादूज मैथिल परम्परामा विशेष मानिन्छन्। पर्वको तेश्रो दिन कात्तिक औंशीको साँझ घरको चौदिशा दीपमालिका गर्दै लक्ष्मी स्थापना गरेर पूजाआराधना गरिन्छ।

मिष्टान्न परिकार खाने ख्वाइने यो पर्वको चौथो दिन गाई/गोरुलाई रङ्गाउने, सिङ र खुरमा तोरीको तेल लगाइ दिने, नयाँ रङ्गिन दाम्ला फेर्ने र रुचीकर खानेकुरा दिने मैथिल चलन छ ।



पौराणिक कथानक पाताललोकका राजा वलिको सन्दर्भ जोडिने यो पर्वमा कात्तिक शुक्ल द्वितीयाका ‘भैयादूज’ पर्व मनाउने मैथिल परम्परा छ । राजा वलिलाई बहिनीहरू गङ्गा र यमुनाले मङ्गल कामनाका साथ सप्तरङ्गी टिका र माला लगाइ दिएको सम्झनामा यो पर्वको परम्परा चलेको मैथिल जनबिश्वास छ। पर्वको पहिलो दिन कागतिहार र दोश्रो दिन कुकुर पूजा गरिने पर्वते मूलको हिन्दू परम्पराभने मिथिलामा देखिदैन्। यद्यपि मैथिल ‘यमपञ्चक’ पर्व विधिमा पनि कागपूजा र स्वानःपूजा (कुकुर पूजा) को वर्णन भने रहेको मैथिल परम्परा र कर्मकाण्डका ज्ञाता बर्दिबास-२ का महेशकुमार झा बताउनुहुन्छ।

दीपावली पर्वसँगै अहिले घरको रङ्गरोगन गर्ने सामग्री, पूजाअर्चनाका लागि प्रयोग गरिने बाँसको चोयाले बुनिने र माटाका भाँडाको जतातते छुट्टै बजार जमेको देखिदैछ । खासमा दीपमालिकाका लागि माटाका दियौरी प्रयोग गरिने मैथिल परम्पराले यस्तो सामग्री बनाउने कुम्हाल जाति समुदाय अहिले ब्यस्त देखिदा छन् । यमपञ्चक सकिनासाथ लगत्तै दुई दिनपछि शुरु हुने छठ र छठसँगै शुरु हुने सामाचकेवा पर्वको रमझम र तयारी पनि मिथिलामा अहिलेदेखि नै बढेको छ ।रासस

# पिसिआर मेशिन सहयोग



**निकेश खनाल**

बर्दिवास। महोत्तरीको बर्दिवास नगरपालिका स्थित बर्दिवास अस्पताललाई रोटरी क्लब बर्दिवासले अटोमेटिक पिसिआर मेशिन सहयोग गरेको छ।

शनिवार बर्दिवास अस्पतालमा आयोजित एक कार्यक्रमकाबीच रोटरी इन्टरनेशनलबाट रोटरी क्लब बर्दिवासलाई प्रदान गरीएको एक थान सो मेशीन बर्दिवास रोटरी क्लबका अध्यक्षय हिरालाल गौतमले बर्दिवास नगरपालिकाका प्रमुख बिदुर कुमार कार्कीलाई हस्तान्तरण गरेका हुन् । सोहि क्रममा अन्य उपकरण ल्यापटप १ थान र युपिएस १ थान समेत अस्पताललाई सहयोग स्वरुप प्रदान गरिएको रोटरी क्लब बर्दिबसका अध्यक्षय हिरालाल गौतमले जानकारी दिए। कोरोनको माहामारीपछि अन्य रोगको समेत परिक्षण गर्न सकिने बहुउपयोगि मेसिन प्रदान गरिएको ले बर्दिवास क्षेत्रका बिरामीको चेक जाँचमा भरपुर सहयोग मिल्ने रोटरी इन्टनेशनल अन्तर्गत (३२९२)का पुर्व सचीव राजेन्द्र दाहालले बिश्वास ब्यक्त गरे

शिक्षा, स्वास्थ्य, र सामाजिक बिकासका लागि स्थापना कालदेखी काम गरिरहेको रोटरी क्लब बर्दिबासले आफ्नो सहयोगलाई निरन्तर जारी राख्ने संस्थाका अध्यक्षय हिरालाल गौतमले बताए । यसैगरी बर्दिवास नगरपालिकाका मेयर बिदुर कुमार कार्कीले क्लबले सहयोग गरेको उपकरणले नगरलाइ कोरोना मुक्त गर्ने अभियानमा सहयोग पुग्ने बिश्वास व्यक्त गरे।

माक्स लगाउने, भौतिक दुरी कायम गर्ने तथा साबुन पानीले हात धोएर स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरेमा कोराना महामारिबाट बच्न सकिने हुँदा सबैले यसको पालना गर्नुपर्नेमा महोत्तरी क्षेत्र नम्बर १ क की प्रदेश सभा सदस्य सरदा देबि थापाले बताइन् ।

# सांसद झा लाइ गाउँपालिका अध्यक्षको खुल्ला चुनौती

**राकेश यादव**

रौतहट । रौतहट जिल्लाको यमुनामाई गाउँपालिका अध्यक्ष श्री प्रसाद मुखियाले संघीय सांसद अनिल कुमार झालाइ खुल्ला रुपमा चुनौती दिएका छन ।

गाउँपालिकामा पत्रकार सम्मलेन गरेका अध्यक्ष मुखियाले विवादस्पद रुपमा मागेका माफीमा दोहरो विबाद सृजना गरिएको भन्दै आपत्ति जनाउँदै खुल्ला चुनौती दिएका हुन। झाले दिएको अभिव्यक्ति कानून विपरीत रहेको भन्दै अध्यक्ष मुखियाले बनाई रहेको अस्पताल उहाको पुर्ख्यौली नभएकोले त्यस माथि उजुरी गर्ने र छानविन गराउने उदघोष गरे।

विबादित व्यान पछि एउटा संचार माध्यमको मार्फत मैले गाउँपालिका स्तरीय अभिव्यक्ति दिएको तर केहि साथीलाइ दुःख लागेको ले क्षमा प्रार्थी छू भन्दै




माफी मागेका सांसद झा ले दोस्रो पटक विबादमा पर्नु भएको छ।

सम्वोधनमा सांसद झा ले सम्पूर्ण मेयर, महिला तथा राज्य मंत्री समेतलाइ हैसियत औकाद समेत खोजेको भएपनि अहिले आएर आफुले गाउँपालिका स्तरीय अभिव्यक्ति रहेको भूठो दावी गरेका छन । पत्रकार सम्मलेनमा अध्यक्ष मुखियाले यदि सांसद झा ले निसद जातीको प्रमुख भएर हेप्न खोजेको हो भने म उहाँलाई खुल्ला रुपमा चुनौती दिदै छू हिम्मत छ भने फेरी मेरो गाउमा कार्यक्रम आयोजना गरेर देखाउ।

ठुल ठुल्ला आन्दोलन ,जनयुद्ध गरेर आएको भन्दै कसैले हेप्न खोजे त्यसको सामना गर्न पछी कहिले हटनेवाला छैन भने अध्यक्ष मुखियाले संघर्ष गरेर आएको भोज भात खाएर आएको होइन । महिला प्रति दिएको गलत अभिव्यक्ति लाइ लिएर आन्दोलन गर्न महिलाहरुको दवाव धेरै आएको समेत बताए।

# नयाँ पाठ्यक्रम कार्यान्वयनको अन्योल चिर्न आग्रह

काठमाण्डु । यसै शैक्षिक सत्रबाट अनिवार्य विषयका रूपमा लागू गरिएको ‘सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा’बारे उत्पन्न अन्योल चिरेर कार्यान्वयनका लागि शिक्षकलाई अभिमुखीकरण गराउन शिक्षाविज्ञले सुझाव दिएका छन् । ‘विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६’ अन्तर्गत एकल पथीयरूपमा कक्षा ११ र १२ मा समावेश गरिएको सो नयाँ विषयको सान्दर्भिकता र कार्यान्वयनको अन्योलबारे शनिवार शिक्षा पत्रकार समाज र ज्ञान अनुसन्धान तथा सिकाइ केन्द्रले आयोजना गरेको भर्चुअल बहसमा विज्ञहरूले सो सुझाव दिएका हुन् ।

तत्कालीन उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगका सदस्य शिक्षाविज्ञ विमलकुमार फुयाँलले सो विषयलाई सबै तह र विषयमा अन्तरसम्बन्धित बनाएर लान आवश्यक रहेको जनाउँदै मान्छेले जुनसुकै पेशा वा व्यवसाय अपनाएर पनि उसलाई विश्वस्तरको असल नागरिक बनाउन यस विषयले उत्प्रेरकको भूमिका खेल्ने बताउनुभयो । जनमुखी शिक्षाका वकालतकर्ता फुयाँलले चाँडै हट्ने र पाठ्यक्रम विकास केन्द्रले शिक्षकलाई विषयगत अभिमुखीकरणमा ढिलाइ गर्न नहुने धारणा राख्नुभयो ।

सो तहमा गणितलाई अनिवार्यमा नराखिएको र पाठ्यक्रम तर्जुमाको अधिकार स्थानीय तहको भएको दाबी गर्दै नयाँ प्रारुप कार्यान्वयन नगर्न अन्तरिम आदेशको माग गरी सर्वोच्च अदालतमा परेको रिट निवेदनमा यही कात्तिक २० गतेको आदेशले हाललाई कार्यान्वयन नगर्न आदेश भई यही कात्तिक २६ गते पेशी तोकिएको छ। निजी उच्च विद्यालयहरूको संस्था (हिसान) ले पनि तयारी अपुग भएकाले यसवर्ष नयाँ पाठ्यक्रम लागू नगर्न दबाब दिँदै आएको छ।

शिक्षा अधिकारकर्मी बिके श्रेष्ठले पश्चिमा मुलुकमा तीन दशकदेखि नै व्यक्तिको सीप विकासका लागि यस्ता विषय शिक्षामा प्रयोग गराइएको देखिएको जनाउँदै अन्तर्राष्ट्रिय अभिसन्धि र सम्मेलनले पनि जीवनोपयोगी शिक्षालाई समावेश गर्न जोड दिँदै आएको अवस्थामा नेपालमा ढिलै भए पनि नीतिगतरूपमा यो विषय समावेश हुनु सकारात्मक भएको बताउनुभयो।

पाठ्यक्रम विकास केन्द्रका निर्देशक रेनुका पाण्डेले सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षालाई एकीकृत गरी विद्यार्थीलाई असल र सक्षम नागरिक बनाउने लक्ष्य लिइएकाले यसको कार्यान्वयन हुने स्पष्ट गर्दै तिहारपछि शिक्षकहरूको अभिमुखीकरण हुने जानकारी दिनुभयो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका पूर्वसहसचिव डिल्लीराम रिमालले पाठ्यक्रम विकास केन्द्रले समयमै नमूना शिक्षण र तालिम नदिँदा केही अन्योल देखिए पनि यस विषयको सन्दर्भिकता रहेको धारणा राख्नुभयो ।रासस

# समानस्तरको शिक्षा प्रदान गर्न नीतिगत व्यवस्था माग

काठमाण्डु। नेपाल बाल सङ्गठनले बालबालिकालाई समानस्तरको शिक्षा प्रदान गर्न नीतिगत व्यवस्था गनुपर्ने माग गरेको छ। सङ्गठनले यहाँ आज पत्रकार सम्मेलन गरी धनी र गरिब वा सबै बालबालिकालाई समान शिक्षा हुने नीति बनएर व्यवहारिक रुपमै कार्यान्वयन गर्नुपर्ने सरकारसँग माग गरेको हो।

सङ्गठनले मानसिक तथा शारीरिक आपाङ्गता भएका बालबालिकाका लागि उचित व्यवस्था गर्न सरकार तथा स्थानीय सरकारसँग आग्रहसमेत गरेको छ। सङ्गठनले बालगृहको अवस्था पुनरावलोकन गरी अत्यावश्यक सुधारका साथै बालमैत्री अवधारणाको विकास र आमा, बाबु तथा अभिभावक भएका बालबालिकालाई उनीहरुकै घरमा पुनर्मिलन गराउने तथा व्यवस्था गर्न पहल गर्ने भएको छ।

सम्मेलनमा अध्यक्ष विद्या उपाध्यायले सङ्गठनले उमेर नाघेका तथा वयस्क भएका गृहमा संरक्षितको अन्यत्र उचित व्यवस्थापनका लागि पहल गर्ने बताउनुभयो। सङ्गठनले केन्द्रिय स्तरमा अर्न्तराष्ट्रियस्तरको सुविधासम्पन्न बालग्राम निर्माण गर्ने योजना अघि सारेको छ ।रासस

# होटलमा जुवा खेलिरहेका आठ जना पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा प्रहरीले जनकपुरधामको एक होटलमा जुवा खेलिरहेका आठ जनालाई नियन्त्रणमा लिएको छ ।जिल्ला प्रहरी कार्यालय, धनुषाका अनुसार जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ५ बस्ने दिलिप मण्डलले वडा नम्बर ४ स्थित राजदेवी मन्दिरको पछाडि संचालन गरेको डिके होटलमा जुवा खेलिरहेका उनीहरुलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा होटल मालिक मण्डलसहित जनकपुरधाम ४ का ४० बर्षीय गणेश साह, ३४ बर्षीय बेचन साह, वडा नम्बर १ का ३५ बर्षीय संजीप ठाकुर, वडा नम्बर ५ का ३७ बर्षीय कैलाश प्रसाद गुप्ता, ४५ बर्षीय बद्री साह, २४ बर्षीय शिवु मण्डल र वडा नम्बर २ का ४६ बर्षीय बिनय साह रहेको धनुषा प्रहरीका प्रबक्ता मकेन्द्र कुमार मिश्रले जानकारी दिए ।मिश्रका अनुसार उनीहरुको साथबाट ३ बुकतास र नगद १ लाख ६३ हजार ६ सय ६० रुपैयाँ समेत बरामद भएको छ।

# पटकासहित पक्राउ

इनरुवा । सुनसरीको इटहरी उपमहानगरपालिका-८ पुष्पलाल चोकबाट पटकासहित चार जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

पक्राउ पर्नेमा इनरुवा-९ का २२ वर्षीय सतम अन्सारी, हरिनगर-२ का २० वर्षीय दिनेश राम, इटहरी-१३ का ३० वर्षीय रञ्जित सरदार र इटहरी- १२ का ३२ वर्षीय शान्ताकुमारी चौधरी रहेको सुनसरीका प्रहरी नायब उपरीक्षक नरेन्द्रकुमार कार्कीले बताउनुभयो।

पक्राउ परेकालाई प्रहरीले शुक्रबार सार्वजनिक गरेको छ । भारतीय बजारबाट अवैध रुपमा पटका ल्याइ इटहरीसहित जिल्लाको विभिन्न ठाउँको बजारमा बिक्री वितरण गरिरहेको छ भनी गोप्य सूचनाको आधारमा उनीहरुलाई पटकासहित पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक कार्कीले जानकारी दिनुभयो। पक्राउ परेकाको साथबाट प्रहरीले को २२ प ३००२ नंम्बरको मोटरसाइकल, को १ ह ७२६० नम्बरको अटो टेम्पु, ४ वटा बोराभित्र ५६ बण्डल नागिन लेखिएको पटका बरामद गरिएको प्रहरीले जनाएको छ।

**करणी आरोपमा पक्राउ**

सुनसरी देवानगञ्ज गाउँपालिका-७ राजगञ्ज सिनुवारीका महेन्द्रप्रसाद मेहतालाई करिब ३० वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अरोपमा प्रहरीले बिहीबार घरबाट पक्राउ गरेको छ। मेहताले करकापमा पारेर महिला कर्मचारीलाई पटक-पटक जबरजस्ती करणी गरेको आरोपमा पक्राउ गरिएको सुनसरीका प्रहरी नायब उपरीक्षक नरेन्द्रकुमार कार्कीले पुष्टि गर्नुभयो ।रासस

# अझै ३७ स्थानीय तहले बजेट पेश गरेनन्

काठमाण्डु । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अझै ३७ स्थानीय तहले आर्थिक वर्ष २०७७/७८ को बजेट पेश गरेका छैनन् । मन्त्रालयले पटक-पटक ताकेता गर्दा पनि अझै ३७ स्थानीय तहले बजेट पेश नगरेको मन्त्रालयका प्रवक्ता वसन्त अधिकारीले जानकारी दिनुभयो। गत असारमा बजेट पास गरेका स्थानीय तहले अनिवार्यरूपमा बजेट मन्त्रालयमा पेश गर्नुपर्ने हुन्छ । विवरण पेश नगर्ने सबैभन्दा धेरै स्थानीय तह प्रदेश नं २ का रहेका छन्। प्रदेश नं २ मा १३६ स्थानीय तहमध्ये १०४ ले मात्र विवरण पेश गरेका छन् भने ३२ स्थानीय तहले अझै गरेका छैनन्।

यस्तै बजेट पेश नगर्नेमा प्रदेश नं १ का दुई, प्रदेश नं २ का ३२, वाग्मती प्रदेशमा दुई र सुदूरपश्चिम प्रदेशको एक स्थानीय तह रहेको छ । प्रदेश नं १ का भोटखोलागाउँपालिकासङ्खुवासभा र मेन्छयायेम गाउँपालिका तेह्रथुम रहेका छन् ।रासस

**नागरिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**जनकपुर-४, धनुषा**

**सुचना ! सुचना !! सुचना !!!**

यस संस्थाको १० औं वार्षिक साधारण सभा मिति २०७७/०८/१३ गते शनिवार दिनको १०:०० बजे देखि संस्थाको कार्यालय (नागरिक भवन) को प्राङ्गणमा हुने भएको हुनाले सो सभामा भाग लिन सम्पूर्ण शेयर सदस्यहरुलाई अनुरोध छ।

अध्यक्ष
**नागरिक बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालय**
क्याम्पस चौक, जनकपुरधाम वाड नं. ४
(रा.रा.ब. क्याम्पसको साइकल स्टैन्डको उत्तर पट्टीको भवनमा)

**हँकार**

अति हर्षक संग निवेदन अछि जे हरेक वर्ष जकाँ अहुबेर भगवान श्री चित्रगुप्तक पूजानोत्सव दिनांक २०७७/०८/०१ गते तद्नुसार ता. १६/११/२०२० ई. शुक्लपक्ष द्वितीया सोम दिन हर्षोल्लासपूर्वक आयोजन कएल गेल अछि। अपने सबन्धु-बान्धव पूजन काल सँ समापन धरि निम्नलिखित कार्यक्रम मे अवश्यमेव समुपस्थित भऽ आयोजन केँ सफल बनादेवाक आग्रह अछि।

**कार्यक्रम** :

**दिनाङ्क २०७७/०८/०१ गते सोम दिन**

- प्रातः काल ७ बजे सँ कलम-दुवाईतक डाली संकलन
- भिनसर ८ बजेसँ भगवानश्री चित्रगुप्तजी के पूजा- अर्चना
- दिनक ११ बजे सँ प्रासद वितरण।
- अपरान्ह २ बजे सँ सभा- समारोह : साधारण सभा आ कविगोष्ठ
- सायँकाल ७ बजे आरती।

**दिनाङ्क २०७७/०८/०२ गते मंगल दिन**

- प्रातः काल ७ बजे सँ आरती तदुपरान्त विसर्जन।
- प्रतिमा जलप्रवाह १० बजे।

**प्रार्थीः**
**चित्रगुप्त सेवा समिति**
**जनकपुरधाम**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# राष्ट्रपति स्वतन्त्र हुनुपर्छ

नेपालमा संवैधानिक निकायका प्रमुखहरु दलगत अधारमा चुनिएपनि चुनिसकेपछि दलको सदस्य औपचारिक रुपमा रहने प्रावधान छैन् ।खासगरि राष्ट्रपति र उपराष्ट्रपति राजनीतिक पूनःफर्किने नहुने भएकालेपनि उनीहरु देशको अभिभावकत्व निर्वाह गर्नुपर्छ ।देशको अभिभावकत्व निर्वाह गर्ने राष्ट्रपति दलगत स्वार्थ भन्दा माथि उठेर देश र देशवासीको हितमा ध्यान केन्दित गर्नुपर्छ ।नेपालमा राष्ट्रपति कार्यकारी होइन् ।सरकारको सिफारिसमा राष्ट्रपतिले निर्णय लिनुपर्ने हुन्छ ।हाल सम्म नेपालमा दोस्रो राष्ट्रपति दोस्रो कार्यकालमा रहेका छन् ।राष्ट्रपतिको भूमिका कुनै प्रकारले विवादित हुनु हुँदैन् ।दलकै उम्मेदवारको रुपमा चुनिएपनि राष्ट्रपति देशको अभिभावक भएकाले चुनिसकेपछि दलको सधारण सदस्यता समेत परित्याग गर्छन् ।राष्ट्रपतिको हरेक कदम विवादरहित हुनुपर्छ ।सर्वोच्च अदालतमा मुद्दा समेत नलाग्ने भएकाले उनी त्यस भन्दा माथि उठेर कार्य गर्नुपर्छ ।तर पछिल्लो कयौं राजनीतिक घटनाक्रममा राष्ट्रपति विद्यादेवी भण्डारी विवादमा तानिएकी छन् ।सेवा सुविधा लिनेमा पनि उनको चर्को आलोचना भएकोछ ।राष्ट्रपति विवाद रहित हुनुपर्ने भएपनि वर्तमान राष्ट्रपति पार्टीको आन्तरिक विवादमा एउटा गुटलाई संरक्षण गरेको आरोपमा समेत मुछिन थालेकी छन् ।पार्टीको आन्तरिक विवाद मिलाउन उनी फेरी सकृय भएको समाचारहरु आउन थालेका छन् ।नेकपाका उपाध्यक्ष वामदेव गौतमलाई राष्ट्रपति निवासमा बोलाएर उनले पार्टीको एकतालाई भंग हुननदिन सकृय हुन सुझाव दिएकी छन् ।शितल निवासमा बोलाएर गौतमलाई राष्ट्रपतिले पार्टीको एकता जोगाउन सकृय हुन आग्रह गरेसँग उनी राजनीतिक विवादमा सकृयता बढाएकी छन् ।सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी(नेकपा)मा अहिले प्रधानमन्त्री केपी शर्मा ओली र कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र वरिष्ठ नेता माधवकुमार नेपाल समुहबीचको विवाद पार्टी विभाजनको रेखा सम्म पुगेकोछ ।प्रचण्ड-नेपाल समुह बलियो देखिएपछि प्रधानमन्त्री ओलीले प्रचण्डलाई एक्लाउन पूर्व एमालेका आफ्ना विश्वासपात्र नेताहरुलाई सकृय बनाएका छन् ।माधव कुमार नेपाललाई ओलीसित मिलाउन पुराना नेता प्रदीप नेपाललेपनि आफ्नो सकृयता बढाएका छन् ।उनी ओलीकै आग्रहमा माधव कुमार नेपाललाई आफ्नै घरमा बोलाएर छलफल गरेका छन् ।प्रधानमन्त्री ओलीले प्रचण्डलाई एक्लयाउन नै माधव कुमार नेपाल र वामदेव गौतमलाई मिलाउन खोजेका हुन् ।ओलीबाट पटक पटक धोका खाएका नेताहरु यस पटक बढी नै संशकित देखिएका छन् ।उनीहरु ओलीलाई कम्तिमा एउटा पद नछाडे सम्म सहमतिमा नजाने पक्षमा छन् ।तर ओलीले दुवै पद नछाडने बरु पर्टी ने विभाजन भएपनि तयार देखिएका छन् ।अहिले पार्टी विभाजनको संघारमा पुगेपनि ओली र प्रचण्डले विभाजनको अगुवा को हुने ?मा मात्र रोकिएका छन् ।दुवै नेता मध्ये कोही विभाजनको अगुवाई गर्न तयार छैनन् ।त्यसै कारण पार्टी विभाजन हुने अन्तिम निर्णय रोकिएको छ ।पार्टी फुटको संघारमा रहेको बेला विभिन्न नेताहरुले त्यसलाई टार्ने प्रयासपनि गर्न थालेका छन् ।नेकपा फेरी एकपटक विभाजनको रेखा पार गर्नबाट जोगिने संभावना बलियो हुन थालेकोछ ।

# राष्ट्रपति, सरकार र कम्युनिष्ट पार्टी

नेपाल कम्युनिष्ट पार्टीको आन्तरिक विवादमा राष्ट्रपति बिद्यादेवी भण्डारीले नेकपा नेता वामदेव गौतमलाई पार्टी एकताका लागि कामगर्ने जुन निर्देशन 'बक्सिइन', त्यसले राष्ट्रपति पदको गरिमालाई साहै्र होच्यायो । के कुराले राष्ट्रपति भण्डारीलाई यस्तो निर्देशन 'बक्सिन' अभिप्रेरित गऱ्यो ? निश्चय पनि, यो सहज बिषय थिएन । गौतमलाई निर्देशन दिएर राष्ट्रपतिले आफनो राष्ट्रिय अभिभावकीय भूमिकाको निर्वाह पक्कै गरेकी थिइनन ।  प्रसंगमा, राष्ट्रपतिको अभिभावकीय भूमिका कै चर्चागर्ने हो भने पनि के राष्ट्रपति भण्डारीमा कांग्रेस सभापति शेरबहादुर देउवा र बरिष्ठ नेता रामचन्द्र पौडेललाई बोलाएर पार्टीमा झगडा र विवाद नगरी अधिवेशन सहज ढंगले गर्नु भन्ने 'निर्देशन' बक्सिने हिम्मत छ त ? उनीसंग त्यस्तो हिम्मत पक्कै छैन । नेकपा एमाले हुँदैदेखि आफ्नो दिमागमा जमेको संस्कारको पालना गरेकी हुन उनले । उनको यो पार्टी प्रेमले राष्ट्रपति पदको गरिमाको अवमूल्यन गरेकोछ । अब कसैले राष्ट्रपति पदलाई अखिल नेपाल स्वतन्त्र बिद्यार्थी युनियनको अध्यक्ष पदको समानान्तर ठान्यो भने पनि आश्चर्य मान्नु पर्ने अवस्था रहेन ।

राजनीतिबाट मूल्य पध्दतिको राग हराउँदै गएको सन्दर्भमा शाश्वत रहेका मान्यताका प्रति सामाजिक निरपेक्षता बढनु आश्चर्यको कुरा हो । देशमा सयौं विधिबेत्ता छन जो कालो कोट लगाएर अदालतका आँगन र शक्तिका गल्ली र गोरेटाहरुमा दिनहूँ नाची रहेका देखिन्छन ।

तर, ती कोही पनिमूल्य र मान्यताका यी आधारभूत प्रश्नबारे रुचि देखाउन चाहँदैनन । सबैलाई चाहिएकोछ : पावर ।

पावर हातमा परेपछि जुन तुजुक चढदछ मानिसको दिमागमा, त्यसैको खोजीमा रहेका छन देशका अधिकांश बुध्दिजीवीहरु । यहाँ राष्ट्रपति भण्डारीले किन र कसको आदेशमा नेकपाको भाषा बोलिन ? यो प्रश्नको जवाफ खोज्नु नै ब्यर्थ छ । प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीनेतृत्वको वर्तमान सरकार अभिमानको वायुपंखी घोडामा सवार छ ।

उसलाई लागेको छ, संसदमा दुइतिहाइ मत भएपछि सरकारले स्वच्छन्दतापूर्वक जे पनि गर्न सक्दछ । राष्ट्रपतिलाई आफनो माउथपीस बनाउन पनि र बामदेव गौतमलाई राष्ट्रिय सभाको सदस्य बनाएर प्रधानमन्त्री बनाउने गैर संवैधानिक शक्तिको अभिमान देखाउन पनि । प्रम ओलीलाई थाह छ - राष्ट्रिय सभाको सदस्यलाई प्रधानमन्त्री बनाउन ठूलै सर्कस खेल्नु पर्दछ । बामदेव गौतमलाई यो कुरा थाह नभएको होइन । तर, उनी थाह नपाए झैं गरी रहेका छन ।

अहिले नेपाल कम्युनिष्ट पार्टीभित्र चलेको आन्तरिक किचलोले जुन रुप लिएकोछ त्यो राजनीतिबाट मूल्य र मान्यता च्यूतहुँदै गएको एउटा उदाहरण हो । सरसरती हेर्ने हो भने राजनीतिका



देशकाल

किशोर नेपाल

*बिबाद यसपटक कम्युनिष्ट पार्टीमा फेरी दोहोरिदैछ । फरक यतिमात्रै छ कि कांग्रेसमा बिबादहुँदा पार्टी सभापति र प्रधानमन्त्रीमा फरक ब्यक्तित्व थिए भने अहिले कम्युनिष्टपार्टी र सरकारका प्रमुख एकैजना छन ।तै पनि, अर्का अध्यक्ष र सदस्यहरुसंग कुरा मिलेको छैन बैठक बस्ने कुरामा । प्रम ओलीलाई लागेकोछ पार्टी बैठकले उनलाई र उनको कार्यशैलिमाथि नियन्त्रणकोप्रयास गर्नेछ ।*

मानिसहरु कतै पनि नांगै उभिएका छैनन । तर, अलिकति संवेदनशील भएर हेर्ने हो भने राजनीतिका मानिसहरु कसैले लाज छोपेको देखिदैन । लाजको परित्याग भनेकै मान्यताको ऱ्हास हो । यो अहिलेको राजनीतिमा जतातत्तै चलेकोछ ।

कुरा नेकपाको मात्र होइन, प्रमुख प्रतिपक्षी पार्टी नेपाली कांग्रेस र जनता समाजवादी पार्टीको अवस्था पनि उस्तैछ । कांग्रेस पार्टीले निष्ठाका साथ प्रतिपक्षी भूमिकाको पालना नगरेकोमा उसको चौतर्फी आलोचना भइ रहेकोछ । जनता समाजवादी पार्टी आफै नीतिगत अन्योलमा रहेकोछ ।

समाजवादी पार्टीमाडा.बाबुराम भट्टराईको उपस्थितिले पार्टी एकतापछिको अवस्थालाई अप्ठेरोमा पारेको छ । एकातिर, महन्थ ठाकुर र राजेन्द्र महतो, अर्कोतिर डा. बाबुराम र उपेन्द्र यादव - जसपामा शक्तिको व्दन्व्द चर्किदै जानेछ । नेपाल कम्युनिष्ट पार्टी, नेपाली कांग्रेस, जनता समाजवादी पार्टी लगायतका कुनैपनि ठूला वा साना पार्टीले राजनीतिमा मूल्य र मान्यताका प्रश्नलाई अपरिहार्य बनाएका छैनन ।

सत्ता प्राप्ति नै पार्टीहरुकोएकमात्र उद्देश्य भएपछि मूल्य र मान्यताको प्रश्न तपसीलमा पर्नु अस्वाभाविक होइन । अहिलेको राजनीतिको सबभन्दा बिग्रहकारी तत्व नै यही हो । पार्टीका बिव्दान नेताहरुलाई यो कुरा थाह नभएको होइन ।

के लोकतन्त्र भनेको एउटा पार्टीले चुनावमा वहुमत ल्याउनु र त्यो पार्टीको अध्यक्षले प्रधानमन्त्री पदको शपथ ग्रहणगर्नु, त्यसपछि एकथरि बिरोधमा उत्रिनु र अर्कोथरि समर्थनमा कुर्लिनु मात्रै हो त ? निश्चय पनि होइन । लोकतन्त्र अर्थात जनताको शासनको परिकल्पना जहाँबाट शुरु भयो, त्यहींबाट लोकतन्त्र शासनको एक महत्वपूर्ण राजनीतिक संयन्त्र बनेकोछ ।

जबसम्म स्वतन्त्र प्रेस हुँदैन, तबसम्म लोकतन्त्रले पूर्णता पाउँदैन । जनताले जबसम्म अनुमोदन गर्दैन, तबसम्म लोकतन्त्रको अर्थ रहँदैन । तर, अहिलेसम्म शक्ति र सत्ताको यो लोकतान्त्रिक बिम्ब कैयौं आक्रमणमा परी सकेकोछ । अधिकार एक्लै भोगौं, कसैसंग भागिदारी गर्नु नपरोस भन्ने आकांक्षाले मानिसको विवेक ध्वस्त गरि दिएकोछ । राजनीतिको यो अनौठो पासो बिकासशील देशतिरमात्रै किन सक्रियहुने गर्दछ ? यो कुरा बुझ्न गाऱ्हो छैन ।

नेपालका अधिकांश शिक्षित मानिस बेरोजगार छन । स्वरोजगारका लागि प्रोत्साहन नभएको अवस्थामा जनताको झुकाव राजनीति गर्ने मानिसप्रति बढनु अस्वाभाविक होइन ।

राजनीतिगर्ने मानिसलाई कार्यकर्ता चाहिन्छ, कार्यकर्तालाई काम । सरकारसंग खैंजडी बजाउन लगाउने बाहेक अरु कुनै काम छैन । रोजगारीको अवसर बढाउनेमा भन्दा मसिना जग्गाको कित्ताकाट गरेर घर उमार्ने कला प्रोत्साहित भएका छन अहिले । मन्त्री मार्क्सवादी आर्थिक सिध्दान्तको आधारमा कृषिको बिकासगर्न चाहन्छन । तर, उनी बेलैमा कृषिमल तथा आबश्यक अन्य संशाधन जुटाउन सक्दैनन । देशमा उत्पादन छैन । बिदेशबाट ल्याइएका अररो चामल खान अभिशप्त छन जनता ।

देश चौबिस घण्टा राजनीतिमा चलेको छ । देश चलाउने अरु कुनै साधन छैन । बिगत दुइ महिनादेखि त राजनीतिले देश चलाउन सक्ने वा नसक्ने कुरा आउन थालेकोछ । प्रधानमन्त्री ओलीको टक्कर आफनै पार्टीसंग परेकोछ । २०५० सालमा कांग्रेस पार्टीमा चलेको जस्तो सरकार ठूलो कि पार्टी ठूलो ? भन्ने बिबाद यसपटक कम्युनिष्ट पार्टीमा फेरी दोहोरिदैछ ।

फरक यतिमात्रै छ कि कांग्रेसमा बिबादहुँदा पार्टी सभापति र प्रधानमन्त्रीमा फरक ब्यक्तित्व थिए भने अहिले कम्युनिष्टपार्टी र सरकारका प्रमुख एकैजना छन ।तै पनि, अर्का अध्यक्ष र सदस्यहरुसंग कुरा मिलेको छैन बैठक बस्ने कुरामा । प्रम ओलीलाई लागेकोछ पार्टी बैठकले उनलाई र उनको कार्यशैलिमाथि नियन्त्रणकोप्रयास गर्नेछ ।

उनी अहिले जसरी शासन गरी रहेका छन त्यो बाटोमा परिवर्तन ल्याउनेछ । त्यसैले प्रधानमन्त्री स्थायी कमिटि वा समितिको बैठक चाहँदैनन । उनले पार्टीभित्रका आफना बिपक्षीहरुलाई स्पष्ट शब्दमा भनेका छन - मेरो निर्णय जसलाई मान्य छैन उ बाहिरिए हुन्छ । उनले समानस्तरका कार्यकारी अध्यक्ष प्रचण्डलाई जवाफ दिइ सकेका छन - अब संगै नहिडौं । उनले यो जवाफ प्रचण्डलाई मात्र दिएका हुन कि यसमा बरिष्ठ नेताहरु माधवकुमार नेपाल र झलनाथ खनाल पनि समेटिएका छन ?यो कुरालाई जसले जसरी बुझेपनि हुन्छ । किनभने, माधव नेपालले विगतको एमालेको पुनर्संगठनमा भन्दा नयाँ कम्युनिष्ट पार्टीको सवल संगठनमा रुचि देखाएका छन । झलनाथ खनाल पनि त्यसबाट बाहिर छैनन ।

आन्तरिक कलह र कचिंगलमा फँसी सकेको अहिलेको कम्युनिष्ट पार्टी एकै रहन सक्दैन । छिमेकी भारतमा भारतीय कम्युनिष्ट पार्टीका बिरुध्द भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) बनेको थियो । प्रम ओली नेतृत्वको कम्युनिष्ट पार्टी प्रगतिशील धारमा देखिएको छैन । अहिलेको दुइ तिहाइको कम्युनिष्ट सरकार कुनै तरीकाले परिवर्तनकारी होइन । यथास्थितिवादको समर्थनमा खडा भएको यो सरकार बिसंगतिहरुको भुंग्रोमा फँसी सकेकोछ ।

# कोभिड-१९ लाई आफू र आफ्ना प्रियजनबाट टाढा राखौं



डा विवेक घोष

यतिखेर विश्व नै कोरोना भाइरसको महामारीबाट आक्रान्त छ। नेपालमा पनि आजभन्दा भोलि कोरोनाको प्रकोप बढ्दो क्रममा छ।अहिलेको विषम अवस्थामा खोजेको जस्तो स्वास्थ्य सेवा, पर्याप्त सुविधासम्पन्न अस्पताल, पर्याप्त भेन्टिलेटर, आइसियु बेड, चाहिए जति स्वास्थ्यकर्मी, विश्व बजारमा उपलब्ध रेमडेसिभिर, टोक्लिजुमाब जस्ता औषधि र उपकरण सजिलै पाउने अवस्था नहुन सक्छ। सबै सर्वसाधारणका लागि आर्थिक हिसाबले उपचार गर्न साध्य पनि नहुन सक्छ।

तर, सबै सेवा-सुविधा उपलब्ध भए पनि, हाल कोभिड ड्युटीमा कार्यरत एक चिकित्सकका नाताले भन्न चाहन्छु- कोभिडलाई आफू र आफ्ना प्रियजनबाट टाढा राख्न नसके यसबाट बच्न सम्भव छैन। त्यसैले जे जति गर्न सक्नुहुन्छ, आफैं गर्नूस्।

विशेषतः ज्येष्ठ नागरिक, मधुमेह, उच्च-रक्तचाप, अर्बुद रोग आदि दीर्घरोगी अझ सतर्क हुनूस्। यो रोगबारे चिकित्साशास्त्रले चिन्न र बुझ्न अझ धेरै कुरा बाँकी छ। चिजहरु सोच्नै नसक्ने गरी जटिल भइदिने गर्छन्। विभिन्न विशेषज्ञ चिकित्सकले आफ्नो बलबुताले भ्याएसम्म सबै कुरा गर्दागर्दै पनि अकल्पनीय रुपले कुराहरु हात बाहिर जाने गरेका छन्। कोभिड-१९ यस्तो रोग हो, जसबाट ग्रसित भएमा शारीरिक कष्ट त छँदै छ, आफन्तको प्रत्यक्ष स्नेह र सेवाबाट पनि वन्चित भइन्छ, जसले पक्कै पनि हरेक बिरामीलाई थप मानसिक पीडा हुन जान्छ। एक पटक रोग लागेर रोगमुक्त भइसक्नुभएकाहरु पनि अरुजस्तै सतर्क रहनु आवश्यक छ। यो रोग दोस्रो पटक पनि नलाग्ने होइन।

साथै, आफूलाई कोभिड पुष्टि भइहालेमा के गरौं, कसो गरौं भनेर आत्तिनुभन्दा पनि पोषिलो आहार, सरसफाइ र आफूबाट अरुलाई नसरोस् भनेर विशेष ध्यान पुर्योउनुपर्छ। डराउनुभन्दा पनि सावधानी अपनाउनुपर्छ।

धेरैजसोमा रोग लागेको केही दिनपछि स्वतः निको हुन्छ, तर कम्प्लिकेटेड भइदिने वर्ग-उच्च जोखिममा-ज्येष्ठ नागरिक, मधुमेह, उच्च-रक्तचाप, अर्बुदरोग आदि दीर्घरोगी र अन्य कारणले रोगसँग लड्ने क्षमतामा ह्रास आएका मा चाहिँ सोचेभन्दा धेरै जटिल भइदिन सक्छ। केही असजिलो भएमा आफूले चिनेजानेका स्वास्थ्यकर्मीसँग सर-सल्लाह गरौं, मद्दत गर्न धेरैजसो तयार हुनुहुन्छ।

त्यसैले सबैलाई आग्रह गर्न चाहन्छु-सजग र सतर्क हुनूस्, सबैलाई थाहा भएकै कुरा हो, रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु असल हो। साथै आजको दिनसम्म आइपुग्दा कोभिडबाट बच्न के सतर्कता अपनाउनुपर्छ भनेर सबैलाई थाहा भइसकेको छ, त्यसैले सो ज्ञानलाई व्यवहारमा उतार्न पछि नपरौं। स्वास्थ्यखबर

# नारा दियौं, कार्यान्वयन योग्य नीति दिएनौं की !



राजन पाण्डे

शिक्षा र सीप विकासको चुरो पक्ष सिकाइ हो । सिकाइ विनाको पढाई प्रतिफल विनाको लगानी मात्र हुन्छ । सिकाइका सिद्धान्तहरुको विकास र त्यसको प्रयोगको शिलशिला चल्दै आएको छ। तर पनि के सिक्ने ? किन सिक्ने ? कसरी सिक्ने ? सिकाइमा को कसरी जिम्मेवार हुने ? सिकाइका वाधाहरु के छन् ? समाधान के त ? भन्ने सन्दर्भमा सिकाइ संस्थाहरु र वैतनिक तथा अवैतनिक जिम्मेवारीमा रहेका व्यक्तिहरुमा बुझाई, क्षमता, उत्तरदायित्व र तत्परताको तहमा समस्या छन् । यि समस्याहरुको पहिचान र समाधानका विकल्पहरुका सवालमा यस लेखमा छलफल गर्ने प्रयत्न गरिएको छ।

**.सवाल १ – आम अभिभावकको धारणा**

आफुले दुख गरेर पनि छोरा छोरीको पढाइमा सकेको खर्च गरेका छौं । घरको काममा पनि उनिहरुलाई लगाएका छैनौ । सर मेडमले भने अनुसार कोचिङ, ट्यूसन पढ्न पनि पठाएका छौं । आज भोली त केटाकेटीले मोवाइल चलाएर हैरान पार्ने भएका छन् । खै ! शिक्षकले राम्रोसंग नपढाएर हो वा छोरा छोरीको दिमाग त्यस्तै हो । सोचे जस्तो न बानी छ न पढाइ...

**सवाल २ – आम शिक्षकको धारणा**

सकेको पढाएको छु । अभिभावकले छोरा छोरीको पढाइको पुरा जिम्मा शिक्षकको भन्ने सोच्छन् । बच्चाका आनी वानी देखी पढाइ सम्मका सबै कुरामा शिक्षकलाई दोष दिने चलन अभिभावकको छ । विद्यालय व्यवस्थापन समिति पनि शिक्षकलाई उत्प्रेरणा भन्दा पनि दवावमा राखेर काम गराउन चाहन्छन् । प्रधानाध्यापकले पनि शैक्षिक र प्रशासनिक नेतृत्व निष्पक्ष र काविल रुपमा निर्वाह गर्न नसक्दा विद्यालयमा उचित कार्य वातावरण बन्न सकेको छैन । यस्तै कारणले होला विद्यार्थीको सिकाइ उपलब्धि सन्तोषजनक छ भन्न सकिने अवस्था छैन ।

**सवाल ३ – प्रधानाध्यापकको धारणा**

नीति अनुसार स्रोतको प्रवन्ध पनि राज्यले गर्न सकेको छैन । अभावको बिचबाट विद्यालय सञ्चालन गर्न परेको छ। राजनीतिक सामाजिक परिवेश पनि सहयोगी भन्दा पनि स्वार्थ प्रद देखिन्छ । पुराना शिक्षक साथीहरु नयाँ परिवेश अनुसार आफुलाई सक्षम बनाएर जिम्मेवारी पुरा गर्न गाह्रो मान्नु हुन्छ। एकोहोरो प्रधानाध्यापक मात्र लागेर कति नै हुन्छ र ! सोचे जस्तो सिकाइ उपलब्धी हाँसिल हुन नसकेको कुरा साँचो हो ।

**सवाल ४ – नीति निर्माताको धारणा**

नीति छ। संस्था छन्। जनशक्ति छ। राज्यले विभिन्न शिर्षकमा विद्यालयमा (सामुदायिक विद्यालय) स्रोत उपलब्ध गराएको छ । यदी प्रधानाध्यापक र शिक्षकहरु मनै देखी पेशा प्रति जिम्मेवार हुने हो भने यहि स्रोत साधनबाट पनि राम्रो नतिजा दिन सकिन्छ । कतिपय विद्यालयहरुले त्यसको उदाहरण पनि देखाइ सकेका छन् । उपलब्ध गराएको सुविधा र दिएको जिम्मेवारी प्रति संवेदनशिल भएर प्राप्त तालिम र स्व अध्ययनबाट प्राप्त हुने ज्ञानलाई विद्यार्थीको सिकाइ उपलब्धी प्रति उत्तरदायी हुने हो भने शिक्षकको तहबाट सिकाइ उपलब्धी वढाउन सकिने ठाउँ प्रसस्त छ।

**सवाल ५ – विद्यार्थीको धारणा**

कुरा बुझाएर पढाउने शिक्षक कम हुनुहुन्छ । प्रविधिको प्रयोग गरेर सिकाउँदा मज्जा लाग्छ । त्यसरी पढाउन सक्ने शिक्षक ज्यादै कम हुनुहुन्छ । प्रयोग गरेर सिक्ने कुरा लगभग गराइदैन । घरमा पनि विषयवस्तुका समस्यालाई सुल्झाउन सहयोग गर्ने अभिभावक हुनुहुन्न । यसो उसो पढाई चलेकै छ ।

**सवाल सार**

विद्यालय शिक्षाको सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन कुनै न कुनै रुपमा जिम्मेवारीको अंशियारी, साझेदारी, हिस्सेदारी वहन गर्नु पर्ने पक्षहरुको आम धारणाको सार माथी उल्लेख गरियो । लगभग सवै पक्षले दोष/सुधार गर्नुपर्ने ठाउँ आफुमा होइन अरुमा रहेको मूल्यांकन सार प्रस्तुत गरेको भेटिन्छ ।

**अबको बाटो**

जिम्मेवारी पन्छाउने । जस खोसाखोस गर्ने । अपजस झोसाझोस गर्ने शैलीबाट होइन सामुहिक विवेकका साथ समस्याहरुको सहि पहिचान गर्दै समाधानका लागि उपयुक्त विकल्पहरु खोज्नु आजको आवश्यकता हो । मौजुदा नीति, योजना, कार्यक्रम, पाठ्यक्रम, परीक्षा, उस्तै शिक्षक प्रवन्ध र समान आर्थिक सामाजिक परिवेशका बिचबाट सिकाइ उपलब्धि रहरलाग्दो बनाएका विद्यालयहरु पनि छन् । ति विद्यालयहरु हाम्रो सुधारको मानक हो । उत्प्रेरणाको आधार हो । उर्जा हो । मार्गदर्शन पनि हो । त्यसैले गर्न चाहे सकिन्छ भन्ने मानसिक तथा आत्मिक दृढता हाम्रो प्रस्थान विन्दु हुन आवश्यक छ । सिकाइ उपलब्धिमा सुधारका लागि आधार तहबाट समस्याहरुलाई उधिनेर हेरौं ।

**नसिके के हुन्छ ? सिके के हुन्छ ?**

एउटा सिकारुले किन पढ्ने ? किन सिक्ने ? भन्ने आवश्यकता वोधक हुटहुटी सिकारुमा सृजना गर्नु सिकाइको प्रस्थान विन्दु हो । नानी बावुको सिकाइको आधार स्थान घर नै हो । विद्यालय नै हो । आवश्यकता सुधारको जननी हो । त्यसैले नानी बावुमा  सिकाइ प्रतिको भोक घर र विद्यालयबाट नै जगाउनु पर्दछ । जुन अपेच्छाकृत रुपमा हुन सकेको छैन ! शिक्षा वा सीप सिकाइबाट सिकारुले आशा गरेको हुन्छ । आशा जगाउनु पनि पर्छ । किन भने शिक्षा भनेको जीवनको लागि लगानी हो । लगानी पछि मान्छेले शिक्षालाई उपभोग गर्ने कार्य गर्दछ । त्यसैले घर र विद्यालयबाट निम्न कुरालाई ख्याल गर्दै सिकारुमा सिकाइ प्रतिको भोक जगाउन आवश्यक छ :

**शिक्षा र सिप**

मानिसको लागि धन, सम्मान र सुरक्षा प्राप्त गर्ने आधार हो । उन्नति र प्रगति, सत्कार, माया र प्रशंसा प्राप्त गर्ने माध्यय हो ।सबैको प्रिय, इज्जतवाला र आधुनिक हुन सघाउने मार्ग हो । जीवनलाई सहजता दिन र हार्दिकता पूर्वक समाज निर्माण गर्न सघाउने मार्गदर्शन हो ।के हामीले सिकारुमा शिक्षाका माध्यमबाट यि कुराको प्राप्तीको आशा सहि रुपमा जगाउँदै तदनुसारको बानी निर्माण गर्न सकेका छौं त ?

साँच्चै सिकारुले कहरले होइन, रहरले नसिक्दा सम्म न अर्थपुर्ण सिकाई हुन्छ न दिगो हुन्छ । अतः सिकाइका लागि सर्वप्रथम घर र विद्यालयबाट सिकाई प्रतिको अनुराग जगाउन आवश्यक छ । लत वसाल्न आवश्यक छ । के यो विषयमा हामीले नसोच्दा सम्म अपेक्षित सिकाई सम्भव होला त ? ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण होला त ?

**के सिक्ने ? कसरी सिक्ने ? कसरी सिकाउने ?**

शिक्षाले सीप, सूचना र संकारलाई व्यवस्थित तवरमा व्यक्तिमा संस्थागत गर्न सक्नु पर्दछ । नेपाली शिक्षा प्रणलीलाई सहजै रुपमा लगाइने आरोप छ "शिक्षाले न सीप दियो न संस्कार, केवल सूचना मात्र दियो जुन परीक्षा केन्द्रित छ, व्यवहार संगको साइनो नजोड्ने खालको छ ।  हामी बाँच्ने धरातल, हाम्रा स्रोत-साधन, अवसर र दायित्वको परीधी भित्र नरहने, आँफुलाई संधै गरिब देख्ने अरुलाई संधै सम्पन्न देख्ने, अरुको दुख नदेख्न, दुख पछिको सुख मात्र देख्ने, लगभग आफ्नोपन विनाको परजिवि मानसिकताको जनशक्ति उत्पादन गरेको आरोप पनि लाग्ने गरेको छ। यहि आरोप र असन्तुष्टिको आलोकमा सिक्ने र सिकाउने विषय वस्तु, सिक्ने र सिकाउने प्रणालीमा सुधारको काईदाहरु खोज्नु पर्दछ होला ।

राजनीतिक, सामाजिक, धार्मिक, साँस्कृतिक पक्षहरुको सवलता कुन ढंगको छ सोहि रुपका ज्ञानका क्षेत्रहरु तथा विषयको प्रधानता रहने गरी शिक्षा प्रणाली संगठित हुने  गरेको देखिन्छ । पुँजिवादी शिक्षा भनौ या समाजवादी शिक्षा यी दुवै राजनीतिक सामर्थको प्रधानताका आधारमा संरचित शिक्षा व्यवस्था हुन् । सन्दर्भको प्रधानता र अभ्यास राजनीतिक चेत, दृष्टि र लक्षित गन्तव्यमा भर पर्दछ ।

सारमा भन्दा स्थानीय आवश्यकता, राष्ट्रिय उदेश्य र अन्तराष्ट्रिय मान्यताको कसीबाट विषयवस्तुको छनौट र व्यवहारिक अवलम्बन सहितको सिकाई आजको आवश्यकता हो । यस्कै परीधी भित्र सिक्ने हो । सिकाउने हो ।

सिकाउने कार्य, सिकारुको व्यवहारलाई अपेक्षित दिशामा परिवर्तन गराउने कार्य सहज र सरल नभएर कठिन कार्य हो । यो विज्ञान मात्र नभएर कला पनि हो । सिकाइलाई प्रभावकारी बनाउन कसरी सकिन्छ भन्ने सावालमा अनवरत अध्ययन, अनुसन्धान र अभ्यास हुँदै आएका छन् । जुन हामी ( सिक्ने र सिकाउन) लाई पनि सिक्ने अवसर हुन् । केही सिकाइका सिद्धान्त तथा अभ्यासहरुको प्रतिनिधि मुलक शाराँश चर्चा गरौं :

गेस्टाल्टवादी दृष्टिकोणमा सिकाइ हुन व्यक्तिले आफ्नो समस्या मुलक सवै परिस्थितिलाई प्रत्यिक्षीकरण गर्छ र आफुमा एक्कासी प्राप्त हुने अन्तर ज्ञान द्धारा समस्या समाधान गर्छ । चिन्तनले समस्या बुझ्न सघाउँछ , समस्याको बुझाइ भए पछि अन्तर दृष्टि निमाण गर्न सहयोग पुग्छ । अन्तरदृष्टिले नै मौलीक र परिपक्क सिकाइ हुन सक्दछ । ग्याग्ने (न्बलनभ) को दृष्टिकोणमा सबैमा एउटै प्रक्रियाबाट सिकाइ हुदैन । विभिन्न प्रक्रियाबाट हुन्छ । किनकी उनीहरुको लक्ष्य एउटै हुदैन । ग्याग्नेको ८ प्रकारको सिकाइ सरलदेखि जटिल क्रममा प्रस्तुत गरिएको छ । पाण्डे कावासोती नगरपालिका, नवलपुरका अधिकृत हुन् ।सौजन्य :एडु खबर

# कुनै पनि हालतमा नेकपा फुट्दैन : मन्त्री श्रेष्ठ

काठमाण्डु । शहरी विकासमन्त्री कृष्णगोपाल श्रेष्ठले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कुनै पनि हालतमा नफुट्ने बताउनुभएको छ । नेकपा बल्खु टेकुसी परिवारले शनिवार दिपावलीलगायत अन्य पर्वका अवसरमा आयोजना गरेको कार्यक्रममा मन्त्री श्रेष्ठले वामपन्थी आन्दोलनको लामो इतिहासका साथै ठूला दुई शक्तिशाली पार्टीको एकताबाट निर्माण भएको सो पार्टीमा अहिले देखापरेका केही समस्या शीर्ष नेतृत्वले समाधान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "सात दशकअघि मुलुकमा प्रजातन्त्र प्राप्त भएपछि गठन भएका कुनै पनि सरकारले पाँच वर्षको कार्यकाल पूरा गर्न सकेनन् ।

त्यसबाट उत्पन्न भएको अस्थिरताले देशको विकास निर्माणमा अवरोध आयो ।" राजनीतिक स्थायित्व कायम गरी मुलुकमा सुशासन र समृद्धि प्राप्त गर्ने आधारमा भएको एकता कसैले चाहँदैमा विभाजन नहुने उहाँले बताउनुभयो ।

मन्त्री श्रेष्ठले जनताको हितलाई केन्द्रमा राखेर पार्टी सङ्गठनका कार्यलाई



समन्वयकारी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । हरिकान्त पाठकको अध्यक्षतामा भएको सो कार्यक्रममा मन्त्री श्रेष्ठको अभिनन्दनसमेत गरिएको थियो । काठमाडौं महानगरपालिका-१४ का वडाध्यक्ष शोभा सापकोटाले विकास निर्माणका कार्यमा ठेकेदारबाट हुने ढिलासुस्ती तथा भ्रष्टाचारका कार्यलाई अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# सुकुम्वासीलाई राहत

मोरङ । प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले मोरङको ग्रामथान गाउँपालिका-७ मा एकीकृत नमूना बस्ती 'जनता आवास कार्यक्रम' अन्तर्गत शुक्रबार ३४ वटा तीन कोठे घर सुकुम्वासी परिवारलाई हस्तान्तरण गर्नुभयो ।

ग्रामथान गाउँपालिका-७ नयाँबस्तीका ३४ सुकुम्वासीलाई जस्तापाता लगाएको शौचालयसहित तीन कोठे नयाँ पक्की घर हस्तान्तरण गरिएको हो । सुनसरी मोरङ सिँचाइ आयोजनाअन्तर्गत नहरको डिलमा बसेका सुकुम्वासीको घर आयोजनाले भत्काएपछि घरवारविहीन भएका उनीहरुलाई घर हस्तान्तरण गरिएको हो । सांसद अमनलाल मोदीको निर्वाचन क्षेत्रमा स्थानीय पूर्वाधार विकास कार्यक्रम तराई मधेश समृद्धि कार्यक्रम र ग्रामथान गाउँपालिकाको रु तीन करोड चार लाख ४१ हजारको लागतमा घर निर्माण गरिएको हो । दुई वटा घर निर्माणधीन अवस्थामा रहेकाले पछि हस्तान्तरण गरिने सोही अवसरमा बताइयो ।

मुख्यमन्त्री राईले घर हस्तान्तरण गर्दै आवासविहीन सुकुम्वासीलाई सरकारले सुरक्षित बसोबासका लागि घर निर्माण गर्ने बताउनुभयो । उहाँले भूमिहीन किसानलाई जग्गा दिन भूमि आयोगले काम शुरु गरिसकेको छ भन्नुभयो । आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बोले प्रदेश सरकार जनताको जीवनस्तर अगाडि बढाउन शिक्षा, स्वास्थ्यमा उनीहरुको पहुँच पुऱ्याएर स्वरोजगार बनाउन कटिबद्ध रहेको छ भन्नुभयो । सामाजिक विकासमन्त्री जीवन घिमिरेले सुकुम्वासी, आदिवासी र सीमान्तकृत जनताको जीवनस्तर उकास्न सीपमूलक रोजगार कार्यक्रम ल्याइएको बताउनुभयो । सांसद अमनलाल मोदीले तीन तहको सरकारले निर्माण गरेको नमूना बस्तीमा उचित रेखदेख गरी बसोबास गर्न आग्रह गर्नुभयो ।रासस

# सचिवालय बैठकका लागि अध्यक्ष ओलीसँग आग्रह

काठमाण्डु । सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का शीर्ष नेतृत्वबीच पार्टीको आन्तरिक जीवन तथा मुलुकको पछिल्लो राजनीतिक अवस्थाका बारेमा छलफल भएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा शनिवार प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओली, अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', उपाध्यक्ष वामदेव गौतम, वरिष्ठ नेता झलनाथ खनाल, नेता माधवकुमार नेपाल र प्रवक्ता नारायणकाजी श्रेष्ठबीच छलफल भएको हो ।

छलफलपछि सञ्चारकर्मीसँग कुरा गर्दै प्रवक्ता श्रेष्ठले पार्टीको आन्तरिक जीवनमा उठेका विभिन्न प्रश्नको निरुपणका लागि सचिवालयको बैठक बोलाउने विषयमा शीर्ष नेतृत्वबीच कुराकानी भएको जानकारी दिनुभयो । उहाँले अध्यक्ष एवम् प्रधानमन्त्री ओलीलाई भेटेर लिखित रुपमा नै सचिवालय बैठकका लागि आग्रह गरिएको बताउनुभयो ।

कोरोना महामारी र त्यसले पैदा गरेको स्वास्थ्य तथा आर्थिक सङ्कट, स्थायी कमिटीको गत बैठकका निर्णयको कार्यान्वयनको समीक्षा र पार्टीमा पछिल्ला दिनमा देखिएका सङ्कटलगायत विषयमा छलफल गर्न सचिवालयको बैठक जरुरी रहेको आफूहरुको जोड रहेको प्रवक्ता श्रेष्ठको भनाइ थियो ।

पार्टी केन्द्रीय कार्यालय धूम्रबाराहीमा शुक्रबार बसेको सचिवालय सदस्यहरुको अनौपचारिक छलफलले सचिवालय बैठकका लागि सामूहिक रुपमा अध्यक्ष ओलीलाई आग्रह गर्ने निर्णय गरेको थियो ।रासस

# श्रेष्ठको नाम सिफारिस

काठमाण्डु । नेपाल बार एशोसिएशनले न्याय परिषद् सदस्य नियुक्तिका लागि वरिष्ठ अधिवक्ता रामप्रसाद श्रेष्ठको नाम सर्वसम्मत रुपमा सिफारिस गरेको छ । शनिवार बसेको कार्यसमिति बैठकले बारको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त हुने परिषद्को सदस्यका लागि सुनसरी जिल्ला, धरान नगरपालिका धर्मपथ घर भई हाल काठमाडौं बस्ने वरिष्ठ अधिवक्ता श्रेष्ठलाई सिफारिस गर्ने निर्णय गरेको महासचिव लीलामणि पौडेलले जानकारी दिनुभयो ।

वरिष्ठ अधिवक्ता श्रेष्ठको कानून व्यवसायी प्रमाणपत्र नम्बर ९२ छ ।

बारका तर्फबाट न्याय परिषद् सदस्यमा नियुक्त गरिने सदस्यका लागि श्रेष्ठको नाम सिफारिस भएको हो ।

बारको सिफारिसमा राष्ट्रपतिले नियुक्त गर्ने कानूनी व्यवस्था छ ।

# मुख्यमन्त्री शाही घाइते

सिमकोट । शुक्रबार हुम्ला पुग्नुभएका कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही शनिवार सदरमुकामबाट सिमकोट गाउँपालिका वडा नं ३ को तोर्पा, बरगाउँदै हुँदै लिमाटाङ जाने क्रममा हुडि गाउँ र लिमाटाङ गाउँको बीचमा पर्ने खोलामा घोडाबाट लडेर सामान्य घाइते हुनुभएको छ । सदरमुकामबाट गाडीमा सवार भएका मुख्यमन्त्री शाहीलाई यहाँका स्थानीय लामा समुदायले घोडामा चढ्नका लागी स्वागत गरेपछि उक्त घोडाबाट लडेर उहाँ घाइते हुनुभएको हो । मुख्यमन्त्री शाहीले चडेको घोडा तर्सिंदा लडेर घाइतेभएको नेपाल पत्रकार महासङ्घ हुम्ला शाखाका अध्यक्ष अर्जुन बोहराले जानकारी दिनुभयो ।

मुख्यमन्त्री शाहीलाई अहिल सिमकोटबाट हेलिकप्टर गएर उद्धार गरी सदरमुकाम ल्याइएको छ । मुख्यमन्त्री शाही सँगै कर्णाली प्रदेशका प्रतिपक्षदलका नेता जीवनबहादुर शाही, नेकपाका केन्द्रिय सदस्य विजय भण्डारी, कर्णाली प्रदेशका प्रवक्ता बिमला केसीलगायतका नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो । अनुगमन गर्दै हुम्ला पुगे मुख्यमन्त्री शाही

प्रदेशअन्तर्गत जिल्लाका कार्यक्रम र त्यहाँका अवस्था बुझ्न कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही मुगु हुँदै शुक्रबार हुम्ला पुगेका छन् । प्रदेश सरकारले कर्णाली प्रदेशको विकास एवम् राजमार्गको अवस्था, कोरोना तथा प्राकृतिक विपद्ले पारेको प्रभाव र प्रदेश सरकारद्वारा सञ्चालित योजनाको अनुगमका लागि उहाँ यहाँ आइपुग्नु भएको हो ।

जिल्लाको विकास, नागरिकका समस्या, आवश्यकता र अपेक्षालाई प्रत्यक्ष मैदानबाटै बुझ्न आफू हुम्ला आएको मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले बताउनुभयो । प्रदेशबाट आएका कार्यक्रमको प्रगति भए नभएको अवस्थाबारे बुझ्न र दुर्गम जिल्लामा दिउँदको समयमा सरकारी कार्यालय कार्यालय सहयोगीको भरमा जिम्मा लगाउने रोग पुरानै भएकाले यसको अन्त्य गरीने मुख्यमन्त्री शाहीले बताउनुभयो । सङ्घ, प्रदेश र स्थानीयतह तीनवटै सरकारको आवश्यक समन्वय र सहकार्य नहुँदा विकासका लागि विनियोजन गरिएको बजेटले केही काम नगर्ने मुख्यमन्त्री शाहीले बताउनुभयो । विकासका लागि कार्यक्रम टुक्राटुक्रा नगरी एकीकृत बनाएर गर्नुपर्ने शनिवारको आवश्यकता रहेको मुख्यमन्त्री शाहीको भनाइ छ । उहाँले ग्रामीणबस्तीमा पूर्वाधार निर्माण गरी तिनलाई बजारसँग जोड्न सकेमा कर्णाली प्रदेश सरकारले राखेको नारा 'समृद्ध कर्णाली, सुखी कर्णालीवासी'को लक्ष्य पूरा हुने विश्वास व्यक्त गर्नुभयो ।

हुम्लाका नेकपाका पार्टी कार्यकर्तासँग अन्तरक्रिया, स्थानीय तहका जनप्रतिनिधिसँग तथा प्रदेश सरकार मातहतका जिल्ला कार्यालय प्रमुखसँगको भेटघाट कार्यक्रम रहेको मुख्यमन्त्रीका सचिवालयका सदस्य लोकेन्द्र शाहीले जानकारी दिनुभयो । हुम्लाको नाम्खा गाउँपालिका वडा नं ६ मा पर्ने लिमी लाप्चा क्षेत्रको स्थलगत अध्ययन गर्ने कार्यक्रम रहेको छ ।रासस

# कांग्रेसमा कुरा मिलेन, आज पनि छलफल गरिने

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली काँग्रेसका पदाधिकारी र पूर्वपदाधिकारी बैठकले केन्द्रीय समिति बैठक अघि नै पार्टीभित्र देखिएका विवाद अन्त्य गर्ने गरि छलफल अघि बढाएको छ । शनिबार कांग्रेस सभापति शेर बहादुर देउवा निबास बुढानिकण्ठमा बसेको बैठकमा वरिष्ठ नेता रामचन्द्र पौडेलसहितका २७ केन्द्रीय सदस्यले पेस गरेको १६-बुँदे असहमतिका बिषयमा नेताहरुले धारणा राख्ने क्रम जारी रहेको छ । आजको छलफलपछि नेता गगन थापाले केन्द्रीय समिति बैठक अघि नै सहमति जुटाउने प्रयास गरिएको जानकारी दिए । शनिवार दिनभर भएको छलफलले पनि देउवा र पौडेल पक्षधरबीच सहमति हुन नसकेको हो । केन्द्रिय समिति आउन २ दिन मात्रै बाँकी रहेको अवस्थामा पनि सहमति नहुनुले २४ गतेको बैठक पनि स्थगित हुने हो कि भन्ने आशंका उब्जिएको छ ।

विभाग गठन, क्रियाशील सदस्यता वितरण, अन्य दलबाट आएका नेता-कार्यकर्ताहरुको समायोजन, भ्रातृ संस्थाको पदावधिलगायतमा विषयमा देखिएको विवाद टुंगाउन आइतबार पनि पदाधिकारी र पूर्वपदाधिकारी बैठक बस्ने र ठोस निष्कर्षमा पुग्ने थापाको भनाई छ ।

सहमतिकै लागि भन्दै केन्द्रीय कार्यसमिति बैठक कार्तिक २४ गतेलाई सारिएको छ । बैठकमा सहभागी नेताहरुका अनुसार पौडेल समूहले आफूहरुले उठाएको माग कुनै पनि हालतमा पूरा हुनुपर्ने अडान राख्दै आएका छन् भने देउवा समूहले भने गठन भएको विभाग खारेज नगर्ने भन्दै विभागमा सहभागि हुन चाहनेहरुको नाम दिन पौडेल समूहसँग अनुरोध गरेको बताइएको छ ।


## पर्सा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पर्सा, सर्लाही
### प्रदेश नं. २, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति २०७७/०७/२३**

यस पर्सा गाउँपालिका को लागि देहाय बमोजिमको शर्तहरुको अधिनमा रही तपसिलका कर्मचारीहरु सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले, योगता पुगेको नेपाली नागरिकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र र विदा भएमा सो को भोलि पल्ट यस कार्यालयमा दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

**विज्ञापन नं.:- ०१/०७७/०७८**

१. **पदः** अ.न.मि. (**तह–सहायक चौथो**)
१.१. **आवशयक संख्याः** ३ (तिन)
१.२. **शैक्षिक योग्ताः** मान्यता प्राप्त शिक्षण संस्था बाट ANM तह उतिर्ण गरेको उपाधिलाई मानिन्छ ।
१.३. **आवश्यक कागजातहरु** : व्यक्तिगत विवरण, नेपाली नागरिताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाल बाहिर बाहिरबाट शिक्षा हासिल गरेकोहरुमा सो प्रमाणपत्रहरुको नेपालको विश्वविधालयबाट समकक्षता निर्धारण गराएको प्रमाणपत्र, कार्य अनुभव भए त्यसको प्रमणपत्रहरु, SBA तालिम प्राप्त लाई बिशेष प्राथमिकता दिने छ तथा नेपाल नरसिंग परिषदमा दर्ता भएको हुनुपर्ने ।
१.४. **आवेदन शुल्क** : रु. ५००/–
१.५. **परीक्षाको किसिम** : सूचीकरण (छोटो सुची) र अन्तर्वार्ता
१.६. **करारको किसिम** : सेवा करार
१.७. **तलव स्केलः** मासिक तलब रु. २२०००/-

**विज्ञापन नं.:- ०२/०७७/०७८**

२. **पदः** अ.न.मि. (**तह–सहायक चौथो**)
२.१. **आवशयक संख्याः** १ (एक)
२.२. **शैक्षिक योग्ताः** मान्यता प्राप्त शिक्षण संस्था बाट ANM तह उतिर्ण गरेको उपाधिलाई मानिन्छ ।
२.३. **आवश्यक कागजातहरु** : व्यक्तिगत विवरण, नेपाली नागरिताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाल बाहिर बाहिरबाट शिक्षा हासिल गरेकोहरुमा सो प्रमाणपत्रहरुको नेपालको विश्वविधालयबाट समकक्षता निर्धारण गराएको प्रमाणपत्र, कार्य अनुभव भए त्यसको प्रमणपत्रहरु, SBA तालिम प्राप्त लाई बिशेष प्राथमिकता दिने छ तथा नेपाल नरसिंग परिषद मा दर्ता भएको ।
२.४. **आवेदन शुल्क** : रु. ५००/-
२.६. **परीक्षाको किसिम** : सूचीकरण (छोटो सुची) र अन्तर्वार्ता
२.७ **करारको किसिम** : सेवा करार
२.८. **तलव स्केलः** मासिक तलब रु. २६६१०/-

**विज्ञापन नं.:- ०३/०७७/०७८**

३. **पदः कार्यालय सहयोगी** (**महिला**)
३.१. **आवशयक संख्याः** १ (एक)
३.२. **शैक्षिक योग्ताः** साधारण लेख पढ गरेको ।
३.३. **आवश्यक कागजातहरु** : व्यक्तिगत विवरण, नेपाली नागरिताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, तथा कार्य अनुभव को प्रमाण पत्र ।
३.४. **आवेदन शुल्क** : रु. ३००/-
३.५ **परीक्षाको किसिम** : सूचीकरण (छोटो सुची) र अन्तर्वार्ता
३.६. **करारको किसिम** : सेवा करार
३.७. **तलव स्केलः** मासिक तलब रु. १३०००/-

**विज्ञापन नं.:- ०४/०७७/०७८**

४. **पदः** अ.न.मि. (**तह–सहायक चौथो**)
४.१. **आवशयक संख्याः** २ (दुई)
४.२. **शैक्षिक योग्ताः** मान्यता प्राप्त शिक्षण संस्था बाट ANM तह उतिर्ण गरेको उपाधिलाई मानिन्छ ।
४.३. **आवश्यक कागजातहरु** : व्यक्तिगत विवरण, नेपाली नागरिताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाल बाहिर बाहिरबाट शिक्षा हासिल गरेकोहरुमा सो प्रमाणपत्रहरुको नेपालको विश्वविधालयबाट समकक्षता निर्धारण गराएको प्रमाणपत्र, कार्य अनुभव भए त्यसको प्रमणपत्रहरु, SBA तालिम प्राप्त लाई बिशेष प्राथमिकता दिने छ तथा नेपाल नरसिंग परिषद मा दर्ता भएको ।
४.४. **आवेदन शुल्क** : रु. ५००/-
४.५. **परीक्षाको किसिम** : सूचीकरण (छोटो सुची) र अन्तर्वार्ता
४.६. **करारको किसिम** : सेवा करार
४.८. **तलव स्केलः** मासिक तलब रु. १८०००/-

**विज्ञापन नं.:- ०५/०७७/०७८**

५. **पदः** अ.हे.व. (**तह–सहायक चौथो**)
५.१. **आवशयक संख्याः** २ (दुई)
५.२. **शैक्षिक योग्ताः** मान्यता प्राप्त शिक्षण संस्था बाट CMA तह उतिर्ण गरेको उपाधिलाई मानिन्छ ।
५.३. आवश्यक कागजातहरु : व्यक्तिगत विवरण, नेपाली नागरिताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाल बाहिर बाहिरबाट शिक्षा हासिल गरेकोहरुमा सो प्रमाणपत्रहरुको नेपालको विश्वविधालयबाट समकक्षता निर्धारण गराएको प्रमाणपत्र, कार्य अनुभव भए त्यसको प्रमणपत्रहरु,तथा मेडिकल काउन्सिलको प्रमाणपत्र भएको ।
५.४. **आवेदन शुल्क** : रु. ५००/-
५.५. **परीक्षाको किसिम** : सूचीकरण (छोटो सुची) र अन्तर्वार्ता
५.६. **करारको किसिम** : सेवा करार
५.७. **तलव स्केलः** मासिक तलब रु. १८०००/-

६. **उमेरको हदः** लोकसेवाले तोके बमोजिम/-
७. **निवेदन दिने स्थान र तरिकः आवेदन दिने स्थान र तरिका** : पर्सा गाउँपालिका स्वास्थ्य शाखा, आवशयक कागजात सहित तोकिएको शुल्क नेपाल बैंक लिमिटेड पर्सा, सर्लाही शाखा स्थित यस कार्यालयको नाममा रहेको मूल संचित कोष खाता नम्बर २६३०३००००४००१००००१ मा जम्मा गरि बैंक भौचर सलंग्न राखी निवेदन सहित आवेदन दिनु पर्नेछ ।
८. **फोटोः–** हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति ।
९. **आवेदन फारम** :– पर्सा गाउँपालिकास्वास्थ्य शाखा वा गा.पा. को वेवसाइट www.parsamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
१०. **आवेदन दिने अन्तिम मिति** : २०७७/०८/०४ गते सम्म
**सम्पर्क मितिः** २०७७/०८/८

**प्रमुख प्रशासकीय अधिकृत**



भारत सरकारले अगस्टमा जम्मू कस्मिरबाट धारा ३७० लाई खारेज गर्ने संगठनको विरुद्ध राष्ट्रिय बजरंग दलका कार्यकर्ताहरुले नाराबाजी गर्दै। *तस्विर : एपी*

# ‘खेल पूर्वाधार निर्माण सरकारको प्राथमिकतामा’

पोखरा । युवा तथा खेलकूदमन्त्री जगतबहादुर विश्वकर्माले वर्तमान सरकार गठनपछि देशभर खेल पूर्वाधार निर्माणले तीव्रता पाएको बताउनुभएको छ ।

पोखरा महानगरपालिका-२३ बाम्दीमा नवनिर्मित भलिबल मैदानको आज उद्घाटन गर्दै उहाँले खेल क्षेत्रको विकास पूर्वाधार निर्माण विना सम्भव नरहेकाले सरकारको प्राथमिकता पूर्वाधार निर्माणमा केन्द्रित रहेको उहाँले स्पष्ट पार्नुभयो ।

“पूर्वाधार निर्माणबाट मात्रै गाउँ गाउँमा खेलकूद गतिविधि बढेर नयाँ खेलाडी उत्पादनमा सघाउ पुग्दछ’, मन्त्री विश्वकर्माले भन्नुभयो, “त्यसका लागि वर्तमान सरकारले खेलकूद पूर्वाधार निर्माणमा विशेष ध्यान दिएको छ ।’

गत वर्षदेखी एक स्थानीय तह एक खेलग्राम कार्यक्रम कार्यान्वयन शुरु गरिएकाले सबै तहमा स्थानीयस्तरको रङ्गशाला निर्माण गरिने उहाँले बताउनुभयो । गण्डकी प्रदेशसभा सदस्य राजीव पहारीले भलिबल कोर्टसहित बाम्दीमा पक्की कालोपत्रे सडक निर्माण शुरु भएकाले खेल गतिविधि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रिय खेलकूद परिषद्का सदस्य राजेशकुमार गुरुङले गत वर्ष सम्पन्न १३ औं सागमा निर्माण गरिएका पूर्वाधारको भुक्तानी अझै बाँकी रहँदा समस्या भएको बताउनुभयो । राष्ट्रिय खेलकूद परिषद्‌ले गत वर्ष उपलव्ध गराएको रु ५० लाख बजेटबाट भलिबल कोर्ट निर्माण गरिएको जिल्ला भलिबल सङ्घका अध्यक्षसमेत रहनुभएका स्थानीयवासी भीम पराजुलीले बताउनुभयो ।

सो मैदानका लागि स्थानीयवासीबाट रु पाँच लाख ८४ हजार बराबरको श्रमदान भएको बताइन्छ। वडा कार्यालयले भलिबल कोर्टसहित दर्शकका लागि प्यारापिट निर्माण गर्न जग्गा उपलव्ध गराएको सोही वडाका वडाध्यक्ष विष्णुप्रसाद पराजुलीले जानकारी दिनुभयो । जिल्ला खेलकूद विकास समितिका कार्यालय प्रमुख प्रकाश बराललै गत वर्ष जिल्लामा विभिन्न १६ खेल मैदान निर्माण तथा स्तरोन्नति गरिएको जानकारी दिनुभयो ।रासस

# राजवंशी बी ग्रेडमा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल क्रिकेट संघ (क्यान)ले खेलाडीहरुको ग्रेडिङ (बर्गीकरण) मा भएको त्रुटि सच्याएको छ ।

क्यानले गते असोजमा पुरुष र महिला क्रिकेट खेलाडीहरुको बर्गीकरण गरेको थियो । तर ग्रेडिङ त्रुटीपूर्ण भएको भन्दै क्रिकेट खेलाडी संघले असन्तुष्टि जनायो भने राष्ट्रिय खेलकुद परिषदले स्पष्टीकरण सोधेको थियो । क्यानको शनिबार सम्पन्न भर्चुअल बोर्ड बैठकले ग्रेडिङको त्रुटि सच्याएको छ ।

सोमपाल कामीलाई बीबाट ए, अविनाश बोहोरालाई सीबाट बीमा बढुवा गरेको छ भने ललितनारायण राजवंशीलाई बी र सन्दीप जोरालाई सी ग्रेडमा राखिएको छ । जबकी असोजमा भएको ग्रेडिङमा ललित र सन्दीप दुबैलाई समावेश गरिएको थिएन ।

महिलातर्फ सरस्वती चौधरीलाई बी तथा ममता चौधरी र सुमन खतिवडालाई सी ग्रेडमा राख्ने निर्णय भएको क्यान अध्यक्ष चतुरबहादुर चन्दले बताएका छन् ।

राष्ट्रिय टिमबाट तीनै जना असोजमा भएको बर्गीकरणमा नपरेका कारण क्यानको केन्द्रीय सम्झौतामा परेका थिएनन् । जबकी राष्ट्रिय टिमबाट खेल्दै नलेखेको केही क्रिकेटरलाई बी र सी ग्रेडमा राख्ने निर्णय भएको थियो ।

# फ्रान्समा एकै दिनमा ६० हजार जना कोरोना सङ्क्रमित थपिए

**एएनआई**

पेरिस । फ्रान्समा एकै दिनमा ६० हजार जनाभन्दा बढी व्यक्ति कोरोना सङ्क्रमित भएका बताइएको छ । फ्रान्सको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार यहाँ गएको २४ घन्टा यता मात्र कम्तीमा पनि ६० हजार ४८४ जना व्यक्तिमा कोरोना संक्रमण देखिएको हो ।

फ्रान्सको स्वास्थ्य मन्त्रालयले यो संख्या यहाँ कोभिड १९ को महामारी शुरु भएपछिको २४ घन्टामा देखिएको सबैभन्दा ठूलो सङ्क्रमित संख्या भएको बताएको छ। यहाँका स्वास्थ्य अधिकारीहरुले फ्रान्समा र अझ बढी पेरिसमा कोभिडको संक्रमण दिन प्रतिदिन झनै ठूलो संख्यामा बढ्दै गएको बताएका छन् । अधिकारीहरुका अनुसार यस संक्रमणबाट फ्रान्समा बिहीबार ५८ हजारजना भन्दा बढी व्यक्ति सङ्क्रमित भएका थिए भने शुक्रबार अहिलेसम्मकै सबैभन्दा बढी अर्थात् ६० हजार जनाभन्दा बढी देखिएका हुन् ।

यो सँगै फ्रान्समा आजसम्ममा १६ लाख ६१ हजार ८५३ जना नागरिक सङ्क्रमित हुन पुगेका छन् । यहाँ गएको २४ घन्टामा ८२८ जनाको निधन भएको पनि अधिकारीहरुले जानकारी दिएका छन् । योसँगै फ्रान्समा कोरोना भाइरसका कारण मृत्यु हुनेको संख्या पनि ३९ हजार नाघेको फ्रान्सको स्वास्थ्य मन्त्रालयका अधिकारीहरुले जानकारी दिनुभएको छ ।

उहाँहरुका अनुसार फ्रान्समा मृत्यु हुनेको संख्या शुक्रबारसम्म ३९ हजार ८६५ जना पुगेको छ । यहाँ गत हप्ता मात्र २० हजारभन्दा बढी सङ्क्रमित अस्पताल भर्ना भएका छन् । अधिकारीहरुले पछिल्लो समयमा फ्रान्समा कोरोना भाइरसको सङ्क्रमण निकै द्रुत गतिमा बढ्दै गएकोले थप सतर्कता अपनाउनुपर्ने बताएका छन् ।

# कोरोना भाइरसबाट विश्वमा बाह्र लाख ४२ हजारभन्दा बढीको मृत्यु

**एएफपी**

पेरिस । चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरबाट शुरु भएको कोरोना भाइरसबाट हालसम्म १२ लाख ४२ हजार १९४ व्यक्तिको मृत्यु भएको जोन्स हप्किङ विश्वविद्यायलले शनिबार जानकारी दिएको छ ।

गत डिसेम्बरमा शुरु भएको यस कोरोना भाइरसबाट हालसम्म ४ करोड ९२ लाख ५९ हजार ४४३ व्यक्ति सङ्क्रमित भइसकेका छन् । तीमध्ये ३ करोड ५० लाख भन्दा बढी कोरोना मुक्त भएका छन् । संयुक्त राज्य अमेरिका सबैभन्दा बढी प्रभावित देश हो यहाँ कोरोना भाइरसबाट २ लाख ३६ हजार ६४ जनको मृत्यु भएको छ । अमोरिकामा ९७ लाख ३३ हजार ३५९ व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन् ।



अमेरिकापछि ब्राजिलमा १ लाख ६२ हजार १५ व्यक्तिको कोरोना भाइरसबाट मृत्यु भएको छ । यहाँ ५६ लाख ३१ हजार १८१ कोरोना भाइरस सङ्क्रमित रहेका छन् ।

भारतमा १ लाख २४ हजार ९५० जनाको कोरोना भाइरस सङ्क्रमणको कारण मृत्यु भएको छ । यहाँ ८४ लाख ११ हजार ७२४ कोरोना भाइरस सङ्क्रमित भएका छन् ।

मेक्सिकोमा यस भाइरसका कारण ९४ हजार ३२३ जनाको मृत्यु भएको छ भने ९ लाख ५५ हजार १३८ जना सङ्क्रमित भएका छन् ।

बेलायतमा ४८ हजार ५६५ जनाको मृत्यु भएको छ भने ११ लाख ४९ हजार ७९१ जनाको कोरोना भाइरस संक्रमित भएका छन् । चीनमा कोरोना भाइरसबाट ८६ हजार भन्दा बढी व्यक्ति सङ्क्रमित भए भने ४ हजार ६३४ जनाको यस भाइरसको कारण मृत्यु भएको थियो ।

# भियना आतंककारी हमलापछि अष्ट्रियाका मस्जिदहरू बन्द गरिने

**एएनआई**

भियना । अस्ट्रिया सरकारले यसै हप्ताको सुरुमा भियनामा भएको घातक आतंककारी हमलापछि मस्जिदहरू बन्द गर्ने निर्णय गरेको छ। एक मन्त्रालयका प्रवक्ताले छिट्टै आन्तरिक मन्त्री कार्ल नेहम्मर र एकीकरण मन्त्री सुसान राबकोसाथ एक पत्रकार सम्मेलनमा थप विवरण दिने जानकारी दिनुभएको अल जजीराले उल्लेख गरेको छ । गत सोमबार भएको आतङ्ककारी आक्रमणमा चार व्यक्तिको मृत्यु भएको थियो । उक्त आक्रमणलाई अस्ट्रियामा यो दशकमा नै भएको पहिलो ठूलो आतंकवादी हमला भनिएको छ ।

भियना आक्रमणमा गोलीबारी गर्ने व्यक्ति २० वर्षका अस्ट्रियाका नागरिक कुज्टिम फेजुलेई भएको र उनी प्रहरीको प्रत्याक्रमणमा मारिएका अल जजीराले बताएको छ । अस्ट्रियाका अधिकारीहरूको एक विज्ञप्तिमा भनिएको छ “सम्बन्धित अधिकारीहरूसँगको छलफलपछि हामी एउटा मस्जिद बन्द गर्दैछौं किनकि यसले राष्ट्रिय सुरक्षालाई खतरामा पार्छ ।’

फेज्जुलेई इस्लामिक स्टेटमा सम्मिलित हुन सिरिया गएका र उनी डिसेम्बरमा जेलबाट छुटेका थिए । जेलबाट छुटेदेखि उनले बारम्बार दुईवटा मस्जिदको भ्रमण गरेका थिए । ती दुई मस्जिदहरू भियनाको पश्चिमी सहरमा थिए ।

# चीनको वैदेशिक व्यापार ४.६ प्रतिशतले बढ्यो

**सिन्ह्वा**

बेइजिङ । यस वर्ष चीनको वैदेशिक व्यापार बढेको यहाँको भन्सार प्रशासनले जानकारी दिएको छ ।

प्राप्त समाचारअनुसार यहाँको भन्सार प्रशासनले गतवर्षको तुलनामा यसवर्षको चीनको वैदेशिक व्यापारमा ४.६ प्रतिशतले बृद्धि भएको जनाएको हो ।

अघिल्लो वर्षको तुलनामा यसवर्षको अक्टोबर महिनामा चीनको वैदेशिक व्यापारमा ४.६ प्रतिशतले बृद्धि आएको देखिएको सो प्रशासनले जानकारी दिएको प्राप्त समाचारमा जनाइएको छ ।



त्यसैगरी चीनको निर्यात बजारमा पनि बृद्धि भएको पनि सो समाचारमा जनाइएको छ । गत वर्षको तुलनामा यसै वर्ष चीनको निर्यातमा ७.६ प्रतिशले बृद्धि भएको देखिएको हो । त्यस्तै सोही अवधिमा चीनको आयात भने ०.९ प्रतिशतले मात्र बढेको पनि सो समाचारमा जनाइएको छ ।

# बाइडेन चार राज्यमा अगाडि, जितको घोषणा नगर्न ट्रम्पको चेतावनी

**एपी/एएनआई**

वासिङ्टन । अमेरिकामा राष्ट्रपति चयनका लागि भएको निर्वाचनबाट पूर्व उपराष्ट्रपति जो बाइडेन निर्वाचित हुने संभावना बलियो हुदै गएको छ । देशका कुल ५० राज्य मध्ये मत गणना सम्पन्न भएका ४४ राज्यमा बाइडेन विजयी हुनु भएको छ भने अहिले मतगणना भइरहेका चार राज्यमा पनि उहाँको फराकिलो अग्रता रहेको छ ।

सवैभन्दा धेरै इलोक्टोरल मत रहेको र लामो समयसम्म ट्रम्पले अग्रता लिइरहेको पेन्सिल्भानियामा पनि बाइडनले ट्रम्पलाई पछाडि पार्नु भएको छ । अहिले गणना भइरहेका छ मध्ये यो पेन्सिल्भानियामा मात्रै विजयी भएपनि बाइडेन राष्ट्रपतिमा निर्वाचित हुनुहुनेछ ।

अमेरिकामा राष्ट्रपति निर्वाचित हुन २७० इलेक्टोरल मत चाहिनेमा पेन्सिल्भानियामा मात्रै जितेपनि बाइडेनको कुल २७३ इलेक्टोरल मत हुनेछ ।

त्यस बाहेक नतिजा आउन बाँकी रहेकामध्ये जर्जिया, नेभाडा र एरिजोनामा पनि बाइडेनको अग्रता कायमै रहेको छ । ट्रम्पको अग्रता भने नर्थ क्यारोलाइना र अलास्कामा मात्रै रहेको छ । त्यसैगरी अब गन्न बाँकी हुलाकमार्फत आएका मतमा पनि बाइडेनको अग्रता कायमै रहन सक्ने आकलन गरिएको छ ।



अहिलेसम्मको अवस्थालाई हेर्दा ट्रम्प पुनः राष्ट्रपतिमा निर्वाचित हुने संभावना लगभग सकिएको धेरैले दाबी गरेका छन् । तर ट्रम्प पक्षले भने निर्वाचनको अन्त्य सम्ममा आफूहरुले नै जित्ने दाबी गर्न छाडेका छैनन । आफू पराजित हुने देखेपछि प्रतिश्पर्धामा रहनु भएका वर्तमान राष्ट्रपति ट्रम्पले निर्वाचनमा धाँधली भएको दाबी गर्दै आउनु भएको छ ।

मतदान र मतगणनामा धाँधली भएको भन्दै उहाँले तत्काल मतगणना रोक्न माग गर्दै अदालतमा उजुरी पनि दिनुभएको थियो । तर उहाँको उजुरीहरु अदालतले खारेज गरिदिएको छ । उहाँले लगाएको आरोप पुष्टि गर्नेगरी प्रमाणहरु नपुगेकोले ट्रम्प पक्षधरद्धारा दर्ता गरिएको उजुरी खारेज गरिदिएको अदालतले जनाएको छ । अन्तिम नतिजा आउनै लाग्दा उहाँले दिएका अभिव्यक्तिका कारण धेरै अमेरिकीहरुले उहाँको आगामी कदमको बारेमा आशंका र चिन्ता व्यक्त गरेका छन् ।

राष्ट्रपति ट्रम्पले निर्वाचन अझै नसकिएकाले तत्काल आफू विजयी भएको घोषणा नगर्न बाइडेनलाई चेतावनी दिनुभएको छ । उहाँले हुलाकबाट आएको मत र धाँधली भएका ठाउँहरुको बारेमा विवाद नटुंगिदासम्म विजयी भएको दाबी गर्न नमिल्ने तर्क गर्नुभयो ।

तर बाइडेनले भने आफू विजयी हुने सुनिश्चित भइसकेको दाबी गर्दै कार्यालय सम्हाल्ने तयारीमा रहेको बताउनु भएको छ । बाइडेनले सम्बोधन गर्दै स्पष्ट बहुमतसहित विजय हुनेतर्फ आफूहरू लम्किरहेको बताउनु भएको हो । उहाँले झण्डै तीन सय इलोक्टोरल मतका साथ आफू विजयी हुने पनि अनुमान सुनाउनु भयो । उहाँले कोरोनाभाइरसको सङ्क्रमण बढीरहेकाले आफ्नो राष्ट्रपति कार्यकालको पहिलो दिनदेखि नै यसैका बारेमा काम गर्ने जानकारी दिनुभयो ।

अमेरिकामा पछिल्ला केहीदिन देखि दैनिक एक लाखभन्दा बढी मानिस कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् । ट्रम्पका मुख्य सहयोगी मेडोजलाइ पनि कोरोना सङ्क्रमण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका प्रमुख सहयोगी मार्क मोडोज कोरोनाभाइरसबाट सङ्क्रमित हुनुभएको छ ।

कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितहरुको सूचीमा मेडोजको नाम पनि रहेको र उनी निकट श्रोतहरुले पनि उनी सङ्क्रमित भएको जनाएका छन् । उहाँसहित अरु पनि धेरै उच्च सरकारी अधिकारीहरु कोरोनाभाइरसबाट सङ्क्रमित भएको शुक्रबार पुष्टि गरिएको छ । अमेरिकामा कोरोनाभाइरसका कारण दुई लाख ३६ हजारभन्दा बढीको मृत्यु भइसकेको सरकारी तथ्याङ्क छ ।

कोरोनाभाइरसका कारण मृत्यु भएका र सङ्क्रमित भएकाहरुको संख्या अमेरिकामा सवैभन्दा धेरै रहेको छ । राष्ट्रपति पदका लागि अहिले उम्मेदवार समेत रहनु भएका ट्रम्पका मुख्य सहयोगी नै सङ्क्रमित भएपनि पूर्ण विवरण भने दिइएको छैन ।

मुख्य सहयोगी मेडोज मतदानको दिन ट्रम्पसँगै विभिन्न ठाउँमा जानु भएको थियो । त्यति बेला उहाँले मास्क समेत प्रयोग गर्नु भएको थिएन । त्यसैले उहाँबाट धेरै जना प्रभावित भएको हुनसक्ने अनुमान गरिएको छ ।

उहाँ मतगणना स्थलहरुमा पनि मास्क विना जाने गर्नु भएकोले उहाँले धेरैलाई सारेको हुन सक्ने अधिकारी तथा चिकित्सकहरुले बताएका छन् । यसअघि राष्ट्रपति ट्रम्प सङ्क्रमित हुँदा पनि उहाँलाई सवैभन्दा बढी सहयोग गर्नेमा मेडोज नै रहनु भएको थियो । ट्रम्पले कोरोनाभाइरसलाई सामान्यीकरण गर्दै आउनु भएको छ। अमेरिकामा पछिल्ला केही दिनदेखि दैनिक एक लाखभन्दा बढी मानिस कोरोनाभाइरसबाट सङ्क्रमित हुने गरेका छन् । अहिलेसम्म ९७ लाखभन्दा बढी भन्दा बढी सङ्क्रमित भएका छन् ।

# जापानमा ६.२ म्याग्नीच्युडको भूकम्प

**एएनआई**

टोकियो । जापानमा शनिबार ६.२ म्याग्नीच्युडको भूकम्प गएको छ । राजधानी टोकियोदेखि झण्डै ६०० माइल दक्षिणपूर्वी क्षेत्रमा पर्ने चिचिजिमालाई केन्द्रविन्दु बनाएर भूकम्प गएको हो ।

जापानको भूगर्भ विभागले दिएको जानकारी अनुसार झण्डै दश किलोमिटर गहिराइबाट कम्पन भएको थियो । विभागका अधिकारीहरुले भूकम्पपछि कुनै आँधीको खतरा नरहेको जानकारी दिएका छन् । सरकारी अधिकारीहरुको भूकम्पका कारण अहिलेसम्म कुनै मानवीय वा भौतिक क्षतिको विवरण प्राप्त भइनसकेको पनि स्पष्ट पारेका छन् ।

जापान धेरै भूकम्प आउने देशमा पर्दछ । बर्षेनी दर्जनौ पटक भूकम्प आउने गर्दछ भने कतिपय शक्तिशाली भूकम्पले मानवीय तथा भौतिक क्षति समेत गराउने गरेको छ ।

सन् २०११ मा आएको ९ म्याग्नीच्युडको विनाशकारी भूकम्प र त्यसपछिको आँधीका कारण जापानमा कम्तीमा १५ हजार भन्दा बढी मानिसको मृत्यु भएको थियो भने धेरै भौतिक संरचनामा क्षति भएको थियो ।

# काबुल बिस्फोटमा एक पत्रकारसहित तीनको मृत्यु

**एपी**

काबुल । काबुलमा शनिबार भएको विष्फोटमा परी एक पत्रकारसहित तीन व्यक्तिको मृत्यु भएको प्रहरीलाई उद्धृत गरी अफगानिस्तानी समाचार संस्था टोलो न्यूजले उल्लेख गरेको छ ।

सरकारले विद्रोही तालिवान समूहले गराएको हुनसक्ने बताएको छ । दावी गरिएको उक्त आक्रमणमा पत्रकार यम सियावाससहितको मृत्यु भएको छ । समाचार तयार पार्दासम्म आक्रमणको कुनै समूह वा व्यक्तिले जिम्मेवारी लिएको छैन ।



बेदकोट नगरपालिकाको सुन्दरपुरमा रहेको बाली संरक्षण प्रयोगशालामा तयार गरिएको कन्या जातको च्याउको बीउ। प्रयोगशालाबाट ६५० पोका बीउ २० जना व्यावसायिक च्याउ खेती गर्ने किसानलाई बिक्री गरिएको छ। *तस्वीर : रासस*

# सात अर्बभन्दा बढी राजश्व सङ्कलन

विराटनगर। एकीकृत भन्सार जाँच चौकी विराटनगरले चालु आर्थिक वर्ष २०७७/७८ को तीन महिनाको अवधिमा कूल रु सात अर्ब ९३ करोड ३० लाख ४२ हजार राजश्व सङ्कलन गरेको छ। यस अवधिमा कार्यालयले रु १० अर्ब एक करोड १८ लाख छ हजार राजश्व सङ्कलन गर्ने लक्ष्य लिएको थियो।

सङ्कलित राजश्व लक्ष्यमा ७९ दशमलव २४ प्रतिशत मात्र प्रगति हासिल गरेको छ। गएको वर्षमा यो अवधिमा कूल रु आठ अर्ब ९९ करोड ३८ लाख नौ हजार राजश्व सङ्कलन गरेको थियो । राजश्व सङ्कलनको हिसाबले हेर्दा गत वर्षभन्दा यस वर्ष सो अवधिमा रु एक अर्ब छ करोड सात लाख ५८ हजारले कम हो भने चालु आर्थिक वर्षमा लक्ष्यको भन्दा रु दुई अर्ब सात करोड ८७ लाख ६४ हजारले कम हो।

भन्सार कार्यालयबाट प्राप्त जानकारीअनुसार सङ्कलित राजश्वमा भन्सार महसुल आयाततर्फ रु तीन अर्ब १७ करोड दुई लाख ९२ हजार, मूल्यअभिवृद्धि कर रु तीन अर्ब ८२ करोड ७८ लाख ३८ हजार, अन्तःशुल्क रु ४६ करोड ३७ लाख ८२ हजार, भन्सार महसुल निर्याततर्फ रु ३९ लाख ५३ हजार, कृषि सुधार शुल्क रु २७ करोड ६३ लाख, भन्सारको अन्य आय रु ९४ लाख ३६ हजार र पूर्वाधार कर रु १८ करोड १४ लाख ४० हजार छन्।

कार्यालयले चालु आर्थिक वर्षको तीन महिनाको शुरुको महिनामा सय दशमलव १२ प्रतिशत प्रगति हासिल गरेको छ भने भदौमा ७७ दशमलव ८९ प्रतिशत र असोज महिनामा ७० दशमलव २५ प्रतिशत मात्र प्रगति हासिल भएको जनाएको छ।रासस

# साधारण सभा सम्पन्न

**निकेश खनाल**





बर्दिवास । महोत्तरीको बर्दिवास नगरपालिका-१ स्थित महिला केन्द्र बहुउदेश्य सहकारी संस्थाको ११ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

शनिबार आयोजित साधारणसभामा संस्थाकी अध्यक्षय सारदा दहालले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाको शेयर सदस्यहरुले ब्यवसायीक कृषि तथा अन्य क्षेत्रमा आर्थिक उपार्जनको लागि काम गर्ने योजना लिएर आए संस्थाले सहयोग गर्न सदैव तयार रहेको बताईन।

यसैगरी संस्थाकी कोषाअध्यक्षय दुर्गा खतिवडाको अनुरोधमा संस्थाका ऋण अधिकृत माधब पौडेलले आव ०७६-०७७ को आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थामा चुक्ता पूँजी ९७ लाख पचास हजार र बचत निक्षेप ९ करोड ९७ लाख पुगेको जानकारी दिए।

संस्थाको शेयर सदस्यबीच ७ करोड ८० लाख रुपयाँ ऋण लगानी गरेको तथा आव ०७६-०७७ मा रु २७ लाख ९७ हजार रुपैयाँ संस्थाले नाफा कमाएको जानकारी दिए।

यसैगरी साधारण सभाका प्रमुख अतिथी उखु कृषक सहकारी संघका केन्द्रिय सदस्य रामचन्द्र कुशवाहाले स्थानीय निकायले सहकारीको श्रमलाई विकास निर्माणमा जोड्न सके स्थानीय स्तरमा विकास निर्माणले गति लिन सक्ने धारण ब्यक्त गरे। उनले सहकारीहरुको संख्यात्मक बृद्धि संगै गुणात्मक बृद्धि हुनसके समाजवादको आधार निर्माण हुँने बिश्वास ब्यक्त गरे।

संस्थाकी अध्यक्ष सारदा दहालको अध्यक्षयतामा सम्मपन साधारण सभाले ५जना जेष्ठ नागरीकलाई मायाको कोसेली प्रदान गरेको कार्यक्रको उद्घोषण संस्थाकी सचिब समिक्षा पौडेलले गरेकी थिईन।

# भारतीय सेनाध्यक्षको भ्रमणः सैनिक कूटनीतिदेखि पर्यटन प्रबर्द्धनसम्म



काठमाण्डु । भारतीय स्थलसेनाध्यक्ष जनरल मनोजमुकुन्द नरवणेको नेपाल भ्रमण सैनिक कूटनीतिमा मात्र सीमित नरही धार्मिक, सांस्कृतिक, पर्यटकीय र स्वास्थ्य कूटनीति प्रबर्द्धनका हिसाबले निकै महत्वपूर्ण सावित भएको छ। प्रधानसेनापति पूर्णचन्द्र थापाको निमन्त्रणमा नेपालको तीनदिने औपचारिक भ्रमण गर्नुभएका सेनाध्यक्ष नरवणेले विभिन्न तहमा गर्नुभएको भेटघाट र भ्रमणले नेपाल-भारतबीचको सम्बन्ध सैनिक र राजनीतिक तहमा मात्र नभई सांस्कृतिक एवं धार्मिक तथा पर्यटकीय क्षेत्रसँग पनि उत्तिकै जोडिएको पक्षलाई उजागर गरेको छ। संसारमै बिरलै हुने खुला सिमाना तथा राहदानी र प्रवेशाज्ञाविना एक देशबाट अर्को देशमा सहजै आवतजावतको अभ्यास दुवै देशका नागरिकबाट हुनु दुई देशको घनिष्ठ सम्बन्धको महत्वपूर्ण पक्ष भएको शायदै विश्वलाई थाहा होला।

काठमाडौँ अवतरण गरेको केही बेरमै सेनाध्यक्ष नरवणे वसन्तपुर र हनुमानढोका क्षेत्र पुगेर त्यहाँका प्राचीन सम्पदा र मन्दिरको अवलोकनका साथै जीवित देवी कुमारी र कालभैरव दर्शन पुग्नुभएको थियो । प्राज्ञ प्रा दिनेशराज पन्तले कोरोनाको महामारीबीचमा भारतीय सेनाध्यक्षले हनुमानढोका क्षेत्रको भ्रमण तथा पशुपतिनाथ र कुमारीको दर्शन गर्नु भनेको भारतीयहरुमा यस क्षेत्रप्रति कति आस्था र विश्वास रहेछ भन्ने स्पष्ट हुन्छ भन्नुभयो।

नेपाल-भारतका सेनाबीच एकार्का देशका सेनाप्रमुखलाई मानार्थ महारथीको उपाधि प्रदान गर्ने परम्परानुरुप यहाँ आउनुभएका सेनाध्यक्ष नरवणेको नेपाल भ्रमणबाट दुईदेशबीच राजनीतिक र कूटनीतिक तहमा देखिएको संवादहीनता छिट्टै अन्त्य हुने अपेक्षा गरिएको छ । कोभिड-१९ को जोखिमका कारण मन्दिर प्रवेशका लागि ढोका बन्द रहे पनि उहाँले विश्वका हिन्दू धर्मावलम्बीका आस्थाको केन्द्र पशुपति क्षेत्र पुगेर बाहिरबाटै दर्शन गर्नुभएको थियो।

पशुपति क्षेत्र विकास कोषका पूर्वसदस्य सचिव डा गोविन्द टण्डन भन्नुहुन्छ, "ढोका बन्द भएकाले उहाँले त्यहाँ पुगेर बाहिरबाटै भने पनि दर्शन गर्नु भनेको आराध्यदेव पशुपतिनाथप्रतिको ठूलो श्रद्धा सुमन र सम्मान हो।' भारतीय सेनाध्यक्षले पशुपतिनाथको दर्शन गरेबाट यस क्षेत्रको महत्व उजार भएको बताउँदै उहाँले भन्नुभयो, "बाहिरबाटै दर्शन गरेर पनि सेनाध्यक्षले आफूलाई अहोभाग्य सम्झनुभयो, यस क्षेत्रको महत्व कति रहेछ भन्ने विश्वलाई जानकारी गराउन हामीले अब 'टेम्पल डिप्लोमेसी'को अवधारणा अघि बढाउनुपर्छ। यो सम्बन्ध सुधार गर्ने अर्को उचित बाटो पनि हुन्छ।' नेपालका कालापानी, लिपुलेक र लिम्पियाधुरा भारतले अतिक्रमण गरी आफ्नो राजनीतिक नक्शामा समेटेपछि नेपालले त्यसको विरोध गर्दै समस्या समाधान गर्न निरन्तर वार्ता र संवादका लागि पहल गरिरहेकै अवस्थामा भएको सेनाध्यक्षको यस भ्रमणबाट सम्बन्ध सुधारतर्फ राम्रो शुरुआतको सङ्केत देखिएको विश्लेषण गरिएको छ।

राष्ट्रपति विद्यादेवी भण्डारीसँगको शिष्टाचार भेटमा मित्रवत् र बलियो सम्बन्ध कायम राख्न दुवै देशले निरन्तर मेहनत गर्नुपर्ने सन्देश लिएर उहाँ नयाँ दिल्ली फर्कनुभएको छ। मुलुकको कूटनीतिको एक हिस्सा र विगतमा सकारात्मक परिणाम हात पारेको अनुभवका आधारमा सैनिक कूटनीतिको प्रयोगबाट पनि नेपाल-भारतबीच पछिल्लो समय देखिएको संवादहीनताको गतिरोध अन्त्य गर्न कोशिश गरिएकाले सम्बन्ध सुमधुर तुल्याउन र विवाद मत्थर गर्न योगदान पुग्ने विश्वास गरिएको छ।

नेपाली सैनिक मुख्यालयले दुवै देशका सेनाबीच रहिआएको अत्यन्तै सुमधुर सम्बन्धको सङ्केत गर्न उपहारस्वरुप शान्तिका दूत गौतम बुद्धको ठूलो प्रतिमा सेनाध्यक्षलाई प्रदान गरेको थियो। भारतीय सेनाले पनि कोभिड-१९ को जोखिमको सामना गरिरहेका नेपाली जनताको स्वास्थ्योपचारको पाटोलाई हेक्का गर्दै घुम्ती अस्पताल सञ्चालन गर्न आवश्यक एम्बुलेन्स, भेन्टिलेटरसहितका स्वास्थ्य सामग्री र उपकरण हस्तान्तरण गर्नाले शदिऔँदेखि दुई देशबीचको धार्मिक, सांस्कृतिक, सामाजिक र भाइचाराको गहिरो सम्बन्धलाई पुन प्रष्ट्याएको छ।

दुई देशबीचमा कतिपय विषयमा रहेका समस्या संवादमार्फत नै समाधान हुने प्रधानमन्त्री केपी शर्मा ओलीबाट व्यक्त धारणाको सन्देश पनि लिएर उहाँ फर्कनुभएको छ । यसबाट नेपालले राजनीतिकस्तरको समस्या सुल्झाउन सकिने सन्देश पनि नेपाली जनताको अपेक्षानुरुप नै प्रवाह गर्न सफल भएको छ।

नेपाल भ्रमणका क्रममा उहाँ सगरमाथा क्षेत्रको दृश्यावलोकन गर्ने क्रममा स्याङ्बोचेस्थित होटल एभरेष्ट भ्यू पुग्नु भएको थियो। नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मीले कोभिड-१९ बाट उत्पन्न यस्तो विषम अवस्थामा उहाँको सगरमाथा क्षेत्रको भ्रमणले नेपालको पर्यटन प्रबर्द्धनमा ठूलो सकारात्मक सन्देश दिएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "सेनाध्यक्ष नरवणेको भ्रमणको भारतीय सञ्चारमाध्यमले पनि राम्रोसँग समाचार कभर गरेको हुनाले भारतीयमा सगरमाथा क्षेत्र नजीकको पर्यटन गन्तव्य रहेछ भन्ने सन्देश गएको छ। यो हाम्रो देशको पर्यटन प्रवर्द्धनका लागि ठूलो विज्ञापन हो, ठूलो अवसर हो।' रासस

# चिराइतोले उचित मूल्य पाएन

भोजपुर। बहुउपयोगी जडिबुटी चिराइतोले उचित मूल्य नपाएपछि यहाँका किसान समस्यामा परेका छन् । किसानको व्यावसायिक चिराइतो खेतीमा आकर्षण बढे पनि मूल्यमा भने वर्षेनी गिरावट आउन थालेपछि उनीहरू समस्या परेका हुन् । उत्पादन भने राम्रै भइरहेको छ। विगत वर्षमा प्रतिमन रु २० देखि २५ हजारमा चिराइतो बिक्री गर्दै आएका यहाँका कृषक यस वर्ष प्रतिमन रु ६ हजारमा बिक्री गर्न बाध्य भए।

स्थानीय कृषक एकराज विष्टले भन्नुभयो, "बाह्र रोपनी बारीमा चिराइतो खेती गरिरहेको छु। मूल्य वर्षेनी बृद्धि हुनु अलवा घटीरहेको छ । उत्पादन त राम्रो छ तर बजारीकरणमा समस्या छ ।" परिवारसँग बसेर आफ्नै ठाउँमा गरिने खेती भएकोले विदेशमा दुःख गर्नुभन्दा हाल पाउने गरेको मूल्यमै चित्त बुझाएर काम गरिरहेको विष्टको भनाइ छ । निरन्तर खेती गरी रहेकोले एक न एक दिन राम्रो मूल्य पाउनेमा उहाँ आशावादी हुनुहुन्छ। रासस


रामनगर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रामनगर, सर्लाही

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सुचना**

**प्रथम पटक प्रकाशित मितिः२०७७/०७/२०**

प्रस्तुत विषयमा गरिबी निवारण लागी लघु उदम विकास कार्यक्रम संचालन निर्देशिकाको दफा अनुसार यस रामनगर गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को लागी तपसिल बमोजिमको कर्मचारी सेवा करार पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समुह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०५/२०७७/०७८ | उद्धम विकास सहजकर्ता | २ | |

**आवश्यक न्यूनतम योग्यता र अनुभवः**

१. क. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT)बाट मान्यता प्राप्त उधम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उतिर्ण गरेको, वा

ख. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT)बाट मान्यता प्राप्त उधम विकास सहजकर्ता सीप परिक्षण तह २ वा तह ३ उतिर्ण गरेको, वा

ग. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT)बाट मान्यता प्राप्त उधम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उतिर्ण गरेको

घ. लघु उधम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको हुनु पर्ने

२. **दरखास्त दिने स्थानः** रामनगर गाउँपालिकाको कार्यालय, रामनगर सर्लाही

३. **दरखास्त दिने अन्तिम मितिः**२०७७/०८/०९ गते पालिकाको कार्यालय समय भित्र

४. **छनौट किसिमः** प्रारम्भिक योग्यता क्रमको सुचि प्रकाशन गरी अनतर्वार्ता लिइने छ।

५. **आवेदन तथा संलग्न कागजातहरू**

क) बायोडाटा
ख) नागरिकताको प्रतिलिपि
ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
घ) अनुभव खुल्ने कागजात
ङ) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
च) सिप परिक्षणको प्रमाणप्रत्रको प्रतिलिपि
छ) निवेदन

६. **सेवा तथा सुविधाः** रामनगर गाउँपालिकाको नियमानुसार

**नोटः महिला, दलित, आदिवासी जनजाति, मधेशी तथा विपन्न वर्गलाई विशेष ग्राहयता दिने छ।**

- **विस्तृत जानकारीको लागि सम्पर्क नः ९८५४०३८०७४**

**प्रमुख प्रशासकीय प्रमुख**


# पाला बनाउन व्यस्त छन् भक्तपुरका कुमाल समुदाय

भादगाउँ । नेपालीको दोस्रो ठूलो पर्व तिहार नजिक आउँदैछ । बजारमा तिहारको लागि आवश्यक सामाग्री भाइ मसला, फलफूल, सयमत्री र मखमली फूलको मालासँगै दियो बाल्ने पालाको समेत खपत र माग दिनानुदिन बढ्दो छ।

बजारमा पालाको माग बढेसँगै भक्तपुरका कुमाल समुदायलाई यतिखेर पाला बनाउने, सुकाउने र पोलेर तयार गरी बजार पठाउन भ्याइनभ्याइ भएको छ। "तिहार आउन एक साता पनि समय छैन। अबको दुई या तीन दिनभित्र माग अनुसारको पाला दिन नसके बनाएको व्यर्थ हुन्छ", भक्तपुरको पोटरी स्क्वायरले परिचित तालक्वका रामप्रसाद प्रजापतिले भन्नुभयो।

उहाँका अनुसार अचेल तालक्वका कुमाल समुदायका प्रजापतिको दिनचर्या नै पाला तयार गर्नेमा नै बित्ने गरेको छ। तिहारलाई पालाको माग उच्च हुने भएपछि यतिखेर उनीहरुले अन्य माटाका भाँडा बनाउने कामलाई थाती राखेका छन । तिहारमा लक्ष्मी पुजाका लागि केही माग आउने भएकाले खुत्रुके बनाएपनि अन्य भाडा बनाउने कामलाई थाती राखेको रामप्रसादले बताउनुभयो। "बिहान सबेरै उठ्यो, अघिल्लो दिन नै तयार गरी राखेको माटोलाई थप तयार गरी पाला बनाउने, सुकाउने र सुकिसकेको पालालाई पोलेर तयार गरी माग अनुसार बजार पठाउने काममा नै दिन बित्छ। अहिले अन्य भाँडाकुँडा बनाउने फुर्सद छैन," उहाँले भन्नुभयो।

पालाको माग धान्न सो परिवारका महिला पुरुष मात्र होइन केटाकेटीहरु समेत पाला तयारीमा जुट्ने गरेका छन। रासस

# टोकन प्रणालीमार्फत धान खरिद शुरु

कञ्चनपुर । सरकारले निर्धारण गरेको मूल्यअनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड कञ्चनपुरले किसानबाट धान खरिदको कार्य शुरु गरेको छ । कम्पनीले धान बिक्री गर्ने किसानको सङ्ख्या अधिक भएका कारण टोकन प्रणालीमार्फत धान खरिदको कार्य शुरु गरेको छ।

"कोरोना भाइरसको सङ्क्रमणलाई मध्यनजर गर्दै भीडभाड हुन नदिनका लागि टोकन प्रणालीमार्फत धान खरिद शुरु गरेका छौँ", कम्पनीका निमित्त कार्यालय प्रमुख नारायणप्रसाद खरलेले भन्नुभयो, "टोकन प्रणालीअनुसार धान खरिद हुन थालेपछि भीडभाड नभई सहजरूपमा धान खरिदको कार्य भइरहेको छ।"

उहाँका अनुसार शुरुमा दुईवटा काँटा राखेर धान खरिद शुरु गरिएकामा कार्यलाई छिटोछरितो बनाउनका लागि तीनवटा काँटा थपिएका छन् । यसबाट एकैपटक धेरै किसानको धान खरिद गर्न सहज भइरहेको छ । कम्पनीले धान खरिदका लागि हालसम्म १५० टोकन वितरण गरेको छ । "कम्पनीमा ५० क्विन्टलमाथि धान बिक्री गर्न ल्याउने किसानसँग लालपुर्जा माग्ने गरेका छौँ", निमित्त कार्यालय प्रमुख खरेलले भन्नुभयो, "वास्तविक किसान हो/होइन भनेर लालपुर्जा माग्ने गरिएको छ ।" व्यापारीहरूले समेत किसानबाट सस्तोमा धान खरिद गरी कम्पनीमा बेच्नका लागि ल्याउने भएकाले लालपुर्जा माग्ने गरिएको उहाँको भनाइ छ। कम्पनीलाई सात हजार क्विन्टल धान खरिदका लागि कोटा निर्धारण गरिएको छ। हालसम्म कम्पनीले ५०० क्विन्टल बढी धान खरिद गरिसकेको छ। रासस


**भूमि सुधार तथा मालपोत कार्यालय रौतहट गौर**

**३५ सार्वजनिक दिने सुचना**

| गा वि स | वडानं. | कि.न | क्षेत्रफल | ज.ध |
|---|---|---|---|---|
| नरकटिया | ७क | १० | ०-३-१० | जवाहरलाल प्र.यादव, सुरेन्द्र प्र. यादव नरकटिया ७ |

ते यसमा मागदावी को कि.नं.१० मालपोतको मोठ श्रेष्तामा रातो मसीले केरिएको तथा कालो मसिले कायम रहेको देखिएकोले अन्य कसैलाई असर पर्ने भए वा हकदावीको लागी यो सुचना प्रकाशित गरिएको छ । असर पर्ने भए स प्रमाण सहित यस कार्यालयमा उपस्थित हुनुहोला अन्यथा कानुन बमोजिम श्रेष्ता कायम भइ नामसरी भइ जानेछन।



**कटहरिया नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कटहरीया, रौतहट**

**प्रदेश नं. २, नेपाल**

**नगर सभामा उपस्थित हुने बारे सम्बन्धी सूचना**

कटहरिया नगरपालिका, नगर सभाका उपाध्यक्ष ज्यू तथा सम्पुर्ण सदस्यज्यूहरुलाई नगर प्रमुख ज्यूको निर्देशन अनुसार यस नगरपालिकाको आ.व. ०७७/०७८ को नगर सभा तपसिलमा उल्लेखित मिति, समय, स्थानमा बस्ने भएकोले यहाँको गरिमामय उपस्थितिको लागि सादर अनुरोध छ।

**तपसिल**

**प्ररम्भ मिति :- २०७७/०७/२८ गते**
**समय :- ११:०० बजे**
**स्थान :- कटहरिया नगरपालिकाको सभा हल**

**प्रमुख प्रशासकिय अधिकृत**

# ओलीको मगज खराब भइसक्यो : मन्त्री सोनल

**ओलीको बोलीको ठेगान छैन् उनले भगवान रामको जन्म भूमि प्रदेश २ को पर्साको ठोरी हो भन्ने अभिव्यक्तिको कारण प्रधानमन्त्रीको बोलीले देशकै इज्जत तल झारेको टिप्पणी गरेका थिए । उखान टुक्कामा देश चल्ने अवस्थामा नरहेका कारण जनताले अव पनि नेकपाको विकल्प नसोचे देश ठूलो दुर्घटनामा पर्ने मन्त्री सोनलले चेतावनी दिए ।**



अनिल तिवारी

वीरगञ्ज । प्रदेश २ का भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनलले प्रधानमन्त्री केपी शर्मा ओलीको मगज खराब भइसकेको टिप्पणी गरेका छन् । पर्साको बहुदरमाई नगरपालिका-२ पिपरामा आयोजित ईमरजेन्शी सेल्टर भवनको शिलान्यास समाहोरमा प्रमुख अतिथिको रुपमा बोल्दै मन्त्री सोनलले प्रधानमन्त्री केपि ओलीको मति भ्रष्ट भइसकेको कारण देशको स्वाभिमान र विश्वसनीयता विश्व माझ तल खसाइरहेको समेत आरोप लगाए ।

ओलीको बोलीको ठेगान नभएको बताउदै उनले भगवान रामको जन्म भूमि प्रदेश २ को पर्साको ठोरी हो भन्ने अभिव्यक्तिको कारण प्रधानमन्त्रीको बोलीले देशकै इज्जत तल झारेको टिप्पणी गरेका थिए ।उनले भने-'ठोरीमा जन्मभूमि हो भनेको दुई दिनपछि प्रदेश ३ को माडीमा भगवान रामको जन्मभूमि हो भनेर किन अभिव्यक्ति दिए ?'

संघीय सरकारको २ करोड ६५लाखको बजेटमा दैविक प्रकोप बाढि, आगलागी, टोरनाडो, महामारी लगायतको समयमा स्थानीयलाई सेवा दिन निर्माण भइररहेको आपातकालिन सेल्टर भवनको समुदघाटन कार्यक्रममा उनले देश अहिले निकै तरल अवस्थामा रहेको चर्चा गर्दै नेकपा पार्टीको राजनीति पनि खतरामा फसेको वताएका थिए । मधेसी जनताले विगतमा गरेको आन्दोलनको जगमा देशमा आएको संघीय गणतान्त्रिक लोकतन्त्र नै खतरामा पर्दै गएको उनले विश्लेषण गरे ।

उनले भने-'नेकपा यस्तो पार्टी हो,जसले लोकतन्त्रको मर्म र उपलब्धिलाई विभिन्न कानुन बनाएर सखाप पार्ने काम पनि नेकपाको सरकारले गरेको उनले आरोप लगाए । संघीयताको तहत विभिन्न काननुन बनाएर लोकतन्त्रलाई नेकपाको सरकारले काटिरहेको छ ।' उनले भने-'म प्रधानमन्त्रीलाई प्रश्न गर्न चाहन्छु,संघीयता लौकीको चिचिला होइन,जसलाई हातको औला देखाएपछि मुरझाउछ, संघीयता मधेसी, आदीवासी, जनजाति, दलित, मुस्लिमलगायत सबैको छोराछोरीले रगत बगाएर शाहदत दिएर ल्याइएको उपलब्धि भएकोले संघीयतामा लोकतन्त्रलाई दुषित पार्न सकिन्छ तर लोकतन्त्र सखाव गर्ने आफैं सिधिएर जानेछ ।'

उ न ल ` ओली र नेकपा अहिले हिटलर शैलीको राजनीति नेपालमा अघि बढाएकोले मधेसी जनता राणा कालमा पर्साको अलौमा लडाई गरेको माओवादीलाई रौतहटको गौरमा जवाफ दिएको र अगामि दिनमा यस्तै गतिविधि चलिरहयो भने मधेसी जनताले अगामि चुनावमा नेकपा र ओली,प्रचण्डलाई कडा जवाफ दिने चेतावनी दिए ।

कार्यक्रमका विशिष्ट अतिथि भारतीय महावाणिज्य दुतावासका प्रथम राजनैतिक सचिव शैलेन्द्र कुमारले नेपाल भारत बिच रहेको प्रगाढ सम्बन्धलाई कुनैपनि शक्तिले खराब गर्न नसकने बताए । उनले नेपाल भारत बिच जनजनमा आधारित रहेको सम्बन्धलाई सानोतिनो मतमतान्तरबाट प्रभावित नहुने बताउदै नेपालको आर्थिक, शैक्षिक, भौतिक लगायत सबै क्षेत्रको बिकासमा भारत सधै सहयोग गर्दै आएको र आउने दिनमा पनि सहयोग गरिरहने बताए ।उनले नेपाल भारत बिच हालै भएको सहमति अनुसार स्थनिय सरकारसंग सहकार्य गर्दै विकास निर्माणका कार्यहरुलाई अगाढि बढाउने बताए ।

कार्यक्रममा बहुदरमाई नगरपालिकाका स्थानीयबासी तथा राजनीति, शिक्षा, स्वास्थ्य, निजामति सेवा, गैरसरकारी संस्थालगायत विभिन्न क्षेत्रमा योगदान दिई जिल्लाको विकासको लागि सेवा दिएका र दिइरहेका करिब १५ जनाभन्दा बढिजनालाई कदरपत्र तथा गम्छा ओढाई सम्मान गरिएको थियो । जनता समाजवादी पार्टी बहुदरमाई कार्य समितिका अध्यक्ष कृष्णा यादवको अध्यक्षतामा एवं जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य शिव पटेलका सक्रियतामा सम्पन्न कार्यक्रममा प्रदेश सासद प्रहलाद गिरी, रमेश कुर्मी, करिमा वेगम, मन्जुर आलम, विभा यादव, भारतीय महावणिज्यदूत शैलेन्द्र कुमारलगायतले तिहार र छठको अवसरमा शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# देश र जनता जोगाउने बेला मा नेकपा सरकार सत्ता र पार्टी जोगाउन व्यस्त : सांसद यादव

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य सांसद प्रदिप यादवले नेकपा सरकार जनतालाई दुख परेको बेला पनि सत्ता र पार्टी जोगाउन व्यस्त रहेको आरोप लगाएका छन ।



जनता समाजवादी पार्टी बीरगंज - २१ वडा ईकाई समिति परवानीपुरले आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा बोल्दै सांसद यादवले सरकारमा रहेको नेकपा सरकारको लागि जनता भन्दा सत्ता प्यारो रहेको आरोप लगाए। जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य समेत रहेका सांसद यादवले देश र जनता इतिहासकै एक कठिन समय बाट गुज्रिरहेको बेला पनि कम्युनिस्ट सरकारले जनता को पर्वाह नगरी सत्ताको पाठ मात्र पढ्दै आएको बताए।

कार्यक्रममा बोल्दै सांसद यादव ले अहिलेको कोविड-१९ कोरोना वायरसको महामारीले विश्व नै थमेको बेला हाम्रो नेपाल पनि अछुतो नरहेको भएपनि यस महामारी बाट जनतालाई जोगाउन र राहत दिने काम सरकारको भएको तर अहिलेको सरकार सत्ता र पार्टी जोगाउन मात्र व्यस्त रहेको र नेकपा भित्रको आन्तरिक बिबादका कारण जनतालाई सास्ती भोग्नु परेको बताए ,

साथै अहिले को परिस्तिथि कठिन भएपनि एउटा रोडमयेप तयार गरेर सरकार अगाडी बढेर काम जनताको हितको लागि काम गर्नु पर्ने भएनी यो सरकारले झन् आफ्नै देशको जनतालाई बेवास्ता गरेर यस महामारी बाट ज्यान जोगाउन गरोह भएको सम्पूर्ण नेपाली जनतालाई आर्थिक भार थपेको छ अहिलेको परिस्तिथिमा जनता भोकले र रोगले आफै बच्नु पर्ने रहेको र न सरकार न प्रतिपक्षकै अनुभूति जनताले पाएको भन्दै दुख व्यक्त गरे ।

सांसद यादवले अबको वैकल्पिक शक्ति जनता समाजवादी पार्टी हुने निस्चित रहेको बताए। जनता समाजवादी पार्टी आज तेस्रो शक्ति देखिदा पनि सम्पुर्ण मधेशवादी र आफनो हक अधिकारका लागी संघर्षरत रहेका समर्पुण शक्ति हरु एक जुट भएर अगाडी बढेपछी झन बलियो रूपमा प्रस्तुत हुने विश्वास लिएको बताए । अबको संघर्ष मधेशमा मात्र नभई देशमा एकसाथ हुने दावी गर्नु भयो ।

कार्यक्रममा विभिन्न पार्टि परित्याग गरी १ सय २५ जना जनता समाजवादी पार्टीमा प्रवेश गरेका थिए। कार्यक्रममा नेकपा पार्टी का स्थानीय नेता पुर्व माओबादी पर्साका सह(सेक्रेटरी मजदुर नेता 'राजदेव पासवानको नेतृत्वमा ,दिनेश यादव, जितेन्द्र शर्मा राजदेव यादव, नन्दु महतो तत्वा , रामसुरत महतो तत्वा जहर महतो लगायत रहेका छन् भने नेपाली कांग्रेस परित्याग गरी चन्द्रिका कुशवाहा को नेतृत्वमा ,मुस्तकिम देवान, उमेश महतो तत्वा ,रुप्चन पासवान लगायत रहेका छन् ।

पार्टी प्रवेश कार्यक्रममा प्रदेश सासंद जन्नत अंसारी, जनता समाजवादी पार्टीका जिल्ला उपाअध्यक्ष वासुदेव यादव, जिल्ला सदस्य नागमणि उपाध्या , संसदीय प्रतिनिधि घनश्याम गुप्ता, समाजवादी युवा फोरमका केन्द्रिय सचिव सरोज यादव लगायत नेता कार्यकर्ताको उपस्तिथी थियो । कार्यक्रम को अध्यक्षता विरगंज महानगरपालिका वडा न.२१ जनता समाजवादी पार्टीका ईकाइ अध्यक्ष निरन्जन पटेलले गरेका थिए। कार्यक्रमको सहजीकरण युवा नेता राधाकृष्ण रौनियारले गरेका थिए ।

# इनारमा शव बरामद

**टुडे समाचारदाता**

लहान । सिरहामा ईनारमा हामफाली एक पुरुषको मृत्यु भएको छ । प्रदेश नम्बर २ सिरहाको धनगडीमाई नगरपालिका-१२



छठियामा एक जनाले सार्वजनिक ईनारमा हामफाली आत्महत्या गरेका छन् ।

धनगडीमाई नगरपालिका-१२ अइजन कालापानी बस्ने मानसिक अवस्था ठिक नभएको ४० बर्षिय स्विट बस्नेत ससुराली आएको बखत धनगडीमाई नगरपालिका-१२ छठियामा रहेको ९० फिट गहिरो ईनारमा राति हाम फालेर आत्महत्या गरेको स्थानीय लाई उद्धरिद गर्दै ईलाका प्रहरी कार्यलय लहानका डिएसपी शरत कुमार थापा क्षेत्रीले जानकारी दिएका छन्।

डिएसपी थापाका अनुसार बस्नेत ईनारमा हामफालेको जानकारी पाए लगतै राति नै उद्धार गर्ने प्रयास गरे पनि ईनार गहिरो भएको कारण तिन पटक प्रयास गर्दा पनि असफल भयो। त्यसपछि शनिबार बिहान नेपाली सेना ,नेपाल प्रहरी र शास्त्र प्रहरीको सहयोगमा अक्सिजन र डोरी लगाएर ईनार भित्र प्रवेश गरि बस्नेत लाई उद्धार गरि बाहिर निकाल्दा सम्म उनको मृत्यु भईसकेको थियो। मृत्क बस्नेतको शरीर पोष्टमार्टमका लागि लहान स्थित राउ स्मारक अस्पताल लहानमा राखिएको र घटना बारे थप अनुशन्धान भइरहेको डिएसपी थापाले बताए।

# नेकपा नेताको लाज्जास्पद अभिव्यक्ति : नेता यादव

**टुडे समाचारदाता**

वीरेन्द्र बजार । जनता समाजवादी पार्टीका नेता सुर्यनाथ यादवले संबिधान सभा सदस्य स्वर्गीय मानपुर चौधरी अस्वस्थ



रहेको खबर आफुलाई जानकारी नभएको भन्ने नेकपा नेताको अभिव्यक्ति लज्जास्पद भएको बताएका छ्न । नेपाल कम्युनिस्ट पार्टी कंचनरुप नगर समितिद्वारा शुक्रबार स्वर्गीय सभासद चौधरीको १३ औं दिनको पुन्यतिथिको अबसरमा आयोजित श्रद्धाञ्जली सभामा नेकपा नेताले दिएको अभिव्यक्ति लज्जास्पद भएको बताएका हुन ।

सप्तरीको कंचनरुप नगरपालिका ४ स्थित आधारभुत बिधालय कबिलासा आयोजित कार्यक्रममा बोल्दै नेता यादवले बर्तमान ओलि सरकार पुर्ण रूपमा असफल भएको बताए । देशमा माहामारी फैलिएर एक राष्ट्रिय ब्याक्तित्वले ज्यान गुमाउदा समेत सत्तारुढ दलका जिम्मेवार नेतालाई समेत जानकारी हुदैन, नेता यादवले भने, नेकपा र उनको सरकार जनता प्रती कति बफादार छ प्रष्ट हुन्छ ।

नेता यादवले स्वर्गीय सभासद चौधरी परिवार तथा आफना नेताकार्यकर्ताले उपचारको क्रममा भएको गम्भीर लापरबाहीको छानबिनको माँग गर्दा बिमारी परेको जानकारी नगराएको भनेर स्थानीय नेताकार्यकर्ता माथी शेखी झार्नु लज्जास्पद भएको बताए । नेता यादवले एक ईमानदार, कुसल नेता गुमाउनु परेको भन्दै दुख समेत व्यक्त गरे । नेता यादवले आन्तरिक आरोप-प्रतिआरोपमा नभुली स्वर्गीय चौधरीको उपचारको क्रममा भएको कमिकम्जोरीको बारे सत्यतथ्य छानबिनको माँग राखे ।

नगर समितिद्वारा आयोजित श्रद्धाञ्जली सभामा पुर्व खेलकुद मन्त्री तथा नेकपा प्रदेश नम्बर २ का ईन्चार्ज सत्य नारायण मण्डलले स्वर्गीय चौधरी बिमारी भएको जानकारी नगाएको भनी अभिव्यक्ति दिएका थिए । सप्तरी निर्वाचन क्षेत्र नम्बर १ (क)का निर्वाचित प्रदेश सभा सदस्य मण्डल श्रद्धाञ्जली सभाका प्रमुख अतिथी थिए ।

आफुलाई बेलामा नेताकार्यकर्ताले जानकारी नगरादा उपचारमा कमजोरी भएका कारण होनाहार, कम्युनिस्ट नेतालाई गुमाउनु परेको भन्दा दुख व्यक्त गरे । श्रद्धाञ्जली सभामा नेकपा नेता एबम पुर्व सिंचाइ मन्त्री उमेश यादवले सभासद चौधरीको निधन बारे उच्चस्तरीय छानबिन गर्न माँग गरे ।

सभासद चौधरीको उपचारमा लापरबाही भएकोले उच्चस्तरीय समिति गठन गरि छानबिन हुनुपर्ने उनको भनाई थियो । श्रद्धाञ्जली सभामा नेपाली काँग्रेसका केन्द्रिय सदस्य एबम पुर्व बाताबरण मन्त्री हेमराज तातेड, नेकपा केन्द्रिय सदस्य एबम राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेल, प्रदेश सभा सदस्य गोबिन्द न्यौपाने, नेकपा जिल्ला अध्यक्ष अशोक कुमार मण्डल,कंचनरुप नगरपालिकाका प्रमुख वसन्त कुमार मिश्रा लगायतका नेताकार्यकर्ताहरुको उपस्तिथि रहेको थियो ।

सप्तरी निर्वाचन क्षेत्र नम्बर १ बाट दोस्रो संबिधान सभा निर्वाचनबाट निर्वाचित चौधरीको कोरोना संक्रमणबाट कार्तिक ९ गते उपचारकाको क्रममा बिपि कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान स्थित कोभिड अस्पतालमा निधन भएको थियो ।

# हनुमान आराधना सम्पन्न




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुर टुडेको नव निर्माण हुन लागेको भवन स्थित हनुमान आराधान गरि निर्माण कार्यको शुभारम्भ भएको छ । जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. अर्न्तगत रहेको जनकपुर टुडे राष्ट्रिय दैनिक, टिभी टुडे, रेडियो टुडे र इ-जनकपुर टुडे डटकमको कार्यालय सो भवनमा रहने छ ।

निर्माण हुन लागेको पाँच तल्ले भवनमा हरेक सेक्टरको कार्यालय फ्लोरवाइज राख्ने भएको छ । जनकपुर टुडे मिडिया ग्रुप प्रा.लिले अगामी दिनमा आफ्नो भवनमा गएपछि थप जिम्मेवारी पूर्ण तरिकाले सशक्त भई सञ्चार जगतमा आमुल परिवर्तन ल्याउने प्रतिवद्धता छ ।

# बालकको मृत्यु

**टुडे समाचारदाता**

सर्लाही । सर्लाहीको ईश्वरपुर नगरपालिकामा फोहोर पानी जम्मा गर्न बनाइएको खाल्डोमा डुबेर एक बालकको मृत्यु भएको छ। शुक्रवार अपराह्न २ बजे वडा न(५, खुपलाल टोल स्थित स्थानीय महेन्द्र विष्टको घर अगाडि खनिएको खाल्डोमा जम्मा भएको पानीमा डुबेर विष्टका छिमेकी बिक्रम महतोको २ वर्षको छोरा राम प्रवेश महतो मृत्यु भएको हो ।

खेल्ने क्रममा खाल्डो नजिक पुगेका बालकको पानीमा डुबेर घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।
समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाक संवेदनशीलतालाई ध्यान दिऔं ।।
पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।

पत्रकार तथा सञ्चारमाध्यमले हिंसा र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकुल हुने वा त्रास उत्पन्न गर्न किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

जनकपुर टुडे मिडिया ग्रुपको अपिल

सकेसम्म छुट्टै कोठामा बस्ने, कम्तीमा दुई मिटरको दूरी कायम गर्ने,
उपचारका लागिबाहेक अन्य समयमा घरबाट बाहिर ननिस्कने,
स्वास्थ्य संस्थामा जानु परे सार्वजनिक यातायात प्रयोग नगर्ने,
आफूले खाना खाने भाडा, मञ्जन, ब्रस, काइयो, लुगा, रूमाल, तौलिया, तन्दा अरूसंग नसाट्ने, प्रयोग गरिसकेपछि सामान आफै धुने वा माझ्ने,
साबुन पानीले मिचिमिची २० सेकेन्ड हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने,
खोक्दा वा हाछ्यु गर्दा कुइनो, पेपर वा टिस्युले मुख छोप्ने,
प्रयोग गरेको टिस्यु, रूमाल वा मास्क फोहोर ठाउँमा फाल्ने र त्यस लगत्तै हात धुने,
प्रयोग गरेको तन्दालाई साबुन पानीले धुने र राम्ररी घाममा सुकाएर मात्र प्रयोग गर्ने,
छुट्टै शौचालयको प्रयोग गर्ने,
जथाभावी नथुक्ने,
मन्त्रालयको निर्देशन पूर्ण रूपमा पालना गर्ने, र
हरेक दिन शरीरको तापक्रम ताप्ने र मिति अनुसार टिपेर राख्ने

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com